**लामखुट्टेबाट सर्ने रोगबाट बचौं**

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।

त्यसैले, लामखट्टेको टोकाईबाट बच्न:

- घर वरिपरी पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरी सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा राखौं,
- पुरा बाहुला भएको कपडा लगाऔं,
- सुत्दा झुल लगाएर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं ।

'लामखट्टेको टोकाईबाट बचौं र बचाऔं ।'

नेपाल सरकार
विज्ञापन बोर्ड




# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ९० | काठमाडौं | मंगलबार, ०६ साउन २०८२ | Prabhab National Daily | Tuesday, July 22, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# शेखरविरुद्ध संस्थापनदेखि गगनसम्मको मोर्चाबन्दी

- कांग्रेस सभापति शेरबहादुर देउवासँग चिढिएका शेखर कोइराला वैकल्पिक गठबन्धन बनाउने गृहकार्यमा
- अहिलेको गठबन्धन २०८४ को निर्वाचनसम्मै जाने निष्कर्षमा देउवानिकट 'सात भाइ'
- शेखरसँग टाढिएका गगनले गरे देउवाको प्रशंसा



■ प्रभाव संवाददाता

**काठमाडौं–** संस्थापनइतरका नेता डा. शेखर कोइरालाले सक्रियता बढाएसँगै उनीविरुद्ध मोर्चाबन्दी सुरु भएको छ। १४औं महाधिवेशनमा आफ्नै समूहबाट महामन्त्री जितेका गगन थापादेखि चाक्सीबारीसम्म शेखरविरुद्ध मोर्चाबन्दीमा लागेको हो ।

एमालेसँग गठबन्धन गरी सरकार बनेको वर्ष दिन पुग्दा पनि सुशासनको पक्षमा काम गर्न नसकेको भन्दै शेखरले असन्तुष्टि पोख्न थालेका हुन् । पछिल्लो दिनहरूमा शेखर नयाँ सत्ता समीकरणको गृहकार्यमासमेत लागेका थिए ।

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी, राष्ट्रिय स्वतन्त्र पार्टीसहितको वैकल्पिक गठबन्धन बनाउन संस्थापनइतर लागेपछि उनीविरुद्ध सोमबार एकै दिन चाक्सीबारी र सानेपाबाट नेताहरूले धावा बोलेका छन् ।

### चाक्सीबारीको सन्देश– एमालेसँगको गठबन्धन २०८४ सम्मै

काठमाडौंको चाक्सीबारी कांग्रेस नेता प्रकाशमान सिंहको निवास हो । अहिले कांग्रेस उनैको नेतृत्वमा सरकारमा सहभागी छ । उपप्रधानसहित सहरी विकासमन्त्री सिंहको सक्रियतामा सोमबार चाक्सीबारीमा 'सात भाइ' भनेर चिनिएका विमलेन्द्र निधि, शशांक कोइराला, गोपालमान श्रेष्ठ, विजयकुमार गच्छदार, कृष्णप्रसाद सिटौला र प्रवक्ता डा. प्रकाशशरण महत भेला भएका थिए ।

गत महाधिवेशनमा देउवालाई सघाएका यी नेताहरूको छलफलको पहिलो विषय थियो- शेखरले चलाएको अभियानको भ्रम चिर्ने । बैठकपछि सिटौलाले सरकारको कामको विषयमा समीक्षा भएको बताए पनि यो गठबन्धनले २०८४ को निर्वाचनसम्मै निरन्तरता पाउने धारणासमेत राखे ।

'संविधान संशोधनको कार्य अगाडि बढिराखेको छैन, यसलाई अब अगाडि बढाउनुपर्छ। त्यसका लागि नेपाली कांग्रेसले संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढीकरण हुनेगरी विभिन्न बहस र छलफल कार्यक्रम चलाउनुपर्छ भनेर छलफल गरेका छौं,' बैठकपछि सिटौलाले भने ।

क्रमशः पृष्ठ ३ मा

### देउवाको प्रशंसा गर्दै गगन



२०७८ मंसिरमा सम्पन्न १४औं महाधिवेशनमा शेखर क्याम्पबाटै महामन्त्रीमा निर्वाचित भएका नेता हुन् गगन । महाधिवेशनअघि गगन भन्थे- यसपटकको महाधिवशेनबाट नेपाली कांग्रेसका बूढा नेताहरूलाई बिदाइ गर्छौं ।

त्यतिबेला देउवालाई लक्षित गर्दै गगनले भनेका थिए- कांग्रेसमा एक युग बिताएका, लामो समय नेतृत्वमा रहेका पुराना ठूला नेताहरूले अब बिदा लिँदै छन् । दोहोरिएर सभापति हुने अवस्था अब छैन । यद्यपि, उनै देउवा दोहोरिएर सभापति बनेका छन् । कांग्रेसलाई युवाहरूको दल बनाउने भनेका गगनले सोमबार भने देउवाको गुनगान गाउँदै आफैंले स्थापित गरेको भाष्य ठीक नभएको तर्क गरे ।


क्रमशः पृष्ठ २ मा

# कांग्रेस–एमाले अविश्वासले अड्कियो भूमि विधेयक



प्रतिनिधिसभामा भएको सर्वसम्मत निर्णयविपरीत एमालेले निजामती विधेयकमा 'कुलिङ पिरियड'बारे राष्ट्रिय सभामा संशोधन दर्ता गरायो । यसबाट हामी विश्वास गरिहाल्ने अवस्थामा छैनौं ।

**■ दिलेन्द्रप्रसाद बडू**
संशोधनकर्ता सांसद, नेपाली कांग्रेस



भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक

संघीय संसद सचिवालय
संसद भवन
सिंहदरबार

- हदबन्दीभन्दा बढीको जग्गा घरजग्गा व्यवसायका लागि बिक्री गर्न दिने र सार्वजनिक जग्गा वितरण गर्न दिने प्रावधानमा कांग्रेसको विमति
- यी प्रावधान सच्याउन कांग्रेस महामन्त्रीद्वय थापा र शर्मा तथा सांसदहरु बडू, सञ्जय गौतमलगायतको संशोधन प्रस्ताव दर्ता
- कांग्रेस सांसदहरूको प्रस्ताव स्वीकार गर्न एमाले तयार, तर कांग्रेसलाई छैन एमालेको विश्वास
- निजामती विधेयकको 'कुलिङ पिरियड' हटाउन एमाले सांसदहरूले राष्ट्रिय सभामा संशोधन प्रस्ताव दर्ता गरेपछि कांग्रेस थप सशंकित



भूमि विधेयकको केही प्रावधानमा कांग्रेसको प्रश्न छ । त्यसलाई कसरी हल गरेर जाने भन्नेमा छलफल भयो । कांग्रेसको सवाल स्वीकार्न हामी तयार छौं ।

**■ महेश बर्तौला**
प्रमुख सचेतक, नेकपा एमाले

■ जेबी योञ्जन

**काठमाडौं–** भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक,२०८२ मा सत्ता गठबन्धनका प्रमुख दुई दलबीचमै अविश्वासको अवस्था देखिएको छ । उक्त विधेयकमाथि सत्तारुढ दल नेपाली कांग्रेस सांसदहरूका व्यक्तिगत र सामूहिक संशोधन प्रस्ताव दर्ता छन् । ती सबै प्रस्ताव स्वीकार गर्न एमाले तयार भएको छ । कांग्रेसलाई चाहिँ एमालेको विश्वास छैन । अझ कांग्रेस त सशंकित बनेको छ ।

यहीबीच सोमबार विधेयकमा सहमति जुटाउन भन्दै कांग्रेस-एमालेको बैठक बस्यो । बैठकले विधेयकमा दुई दलबीच सहमति जुटाउन सकेन । बरु, कांग्रेसले एमालेलाई कसरी हेर्छ ? त्यो छर्लंग भएको छ ।

बैठकपछि कांग्रेस सांसद दिलेन्द्रप्रसाद बडूले एमालेले पटक-पटक धोका दिएको बताए । 'हामीले केही विधेयकमा एमालेबाट धोका खाएका छौं, जस्तो: संवैधानिक परिषद् विधेयकमा, निजामती विधेयकमा,' उनले प्रभावसँग भने, 'प्रतिनिधिसभामा भएको सर्वसम्मत निर्णयविपरीत एमालेले निजामती विधेयकमा कुलिङ पिरियडबारे राष्ट्रिय सभामा संशोधन दर्ता गरायो । यसबाट हामी विश्वास गरिहाल्ने अवस्थामा छैनौं ।'

सोमबार कांग्रेस संसदीय दलको कार्यालय सिंहदरबारमा बसेको बैठकमा गृहमन्त्री रमेश लेखक, भूमि व्यवस्थामन्त्री बलराम अधिकारी, कांग्रेस महामन्त्री गगन थापा, कांग्रेस प्रमुख सचेतक श्यामकुमार घिमिरे, सांसद बडू र एमालेका प्रमुख सचेतक महेश बर्तौला थिए । एमालेले भूमि विधेयकलाई प्रतिष्ठाको विषय बनाएको छ । संसद्को यही अधिवेशनबाट छिटो विधेयक पारित गर्नुपर्ने पक्षमा एमाले छ । यसअघि यसलाई अध्यादेशको रूपमा सरकारले ल्याएको थियो ।

उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपालको असमर्थनले अध्यादेश तुहिएपछि सरकारले विधेयक ल्याएको हो । विधेयकका कयौं प्रावधानमा कांग्रेसले प्रश्न उठाएको छ । महामन्त्रीद्वय थापा र विश्वप्रकाश शर्मासहितका थुप्रै कांग्रेस सांसदको व्यक्तिगत र सामूहिक संशोधन प्रस्ताव छन् । कांग्रेसका सबै प्रस्तावलाई सहजै स्वीकारेर विधेयकलाई पारितको प्रक्रिया लान एमालेको जोडबल छ ।

तर, कांग्रेसले एमालेको भरोसा गरेको देखिएको छैन । त्यो महामन्त्री थापाको जवाफबाट पनि पुष्टि हुन्छ । उनले सोमबारको दुई दलीय प्रतिनिधिको छलफलपछि विधेयकमा सहमति जुट्नै बाँकी रहेको बताए ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# पछिल्लो तीन महिनामा आधाले घट्यो कोरिया जानेको संख्या




जनवरीदेखि मार्चमा तीन हजार ७२१ श्रमिक लगेको कोरियाले अप्रिलदेखि जुनको अवधिमा जम्मा एक हजार ७३० जना लगेको छ

■ प्रभाव संवाददाता

**काठमाडौं–** गएको तीन महिना (अप्रिल-जुन)मा रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत कोरिया जाने श्रमिकको संख्या घटेको छ । उक्त अवधिमा एक हजार ७३० जना श्रमिक दक्षिण कोरिया गएका छन् । यो संख्या अघिल्लो तीन महिनाको तुलनामा आधाभन्दा बढीले न्यून हो ।

वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले सार्वजनिक गरेको विवरणअनुसार अघिल्लो तीन महिना (जनवरी-मार्च)मा कोरियाले तीन हजार ७२१ नेपाली श्रमिक लगेको थियो । यो संख्या पछिल्लो तीन महिनाको भन्दा एक हजार ९९१ ले न्यून हो ।

उल्लिखित संख्या भाषा परीक्षा उत्तीर्ण गरेका (नियमित) र प्रतिबद्ध श्रमिकको हो । इपिएस शाखाका अनुसार पछिल्लो तीन महिनामा सबैभन्दा बढी उत्पादन क्षेत्रमा गएका छन् । उक्त क्षेत्रमा एक हजार २७४ जना गएको तथ्यांक छ । त्यसपछि कृषि तथा पशुपालनमा ४५६ जना गएका छन् । यो अवधिमा फरेस्ट्री, सिप बिल्डिङ र सेवा क्षेत्रतर्फ भने एक जना पनि गएको देखिँदैन ।

इपिएस शाखाका अनुसार अप्रिलदेखि जुनसम्म भाषा परीक्षा उत्तीर्ण गरेका एक हजार ६०९ जनाको श्रम सम्झौता प्राप्त भएको छ । जसमध्ये उत्पादन क्षेत्रतर्फ एक हजार ८८, कृषितर्फ ५२० र सेवा क्षेत्रका लागि एक जना रहेका छन् । यस अवधिमा उत्पादनतर्फ ४३३ र कृषिमा २६८ जना गरी कूल ७०१ जना प्रतिबद्ध श्रमिकको आगमन सूची पेस गरिएको छ ।

उक्त तीन महिनामा दुई हजार २२२ जना नियमित परीक्षार्थीको भिसा जारी भएको प्रमाणपत्र (सिसिभिआई) प्राप्त भएको छ । जसमध्ये उत्पादनतर्फ एक हजार ५९७, कृषितर्फ ६२४ र एक जना सेवा क्षेत्रतर्फका छन् ।

क्रमशः पृष्ठ २ मा

## संघको प्रमुख सल्लाहकारमा रानाभाट




**काठमाडौं (प्रस)–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले पाँच जना सल्लाहकार नियुक्त गरेको छ । संघले विधानअनुसार आइतबार सल्लाहकार नियुक्त गरिएको संघले जानकारी दिएको छ ।

संघको प्रमुख सल्लाहकारमा तिलकबहादुर रानाभाट नियुक्त भएका छन् । उनी नुर अप्परच्युनिटिज ओभरसिज प्रालिका सञ्चालक हुन् । यसैगरी सल्लाहकारमा प्याराडाइज इन्टर नेसनल प्रालिका नवराज खत्री केसी र फ्युचर स्टार म्यानपावर प्रालिका हरीबहादुर पाण्डे नियुक्त भएका छन् । संघको प्रमुख कानुनी सल्लाहकारमा नेपाल बार एसोसिएसनका अध्यक्ष वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्र र कानुनी सल्लाहकारमा अधिवक्ता अनुपम भट्टराईलाई नियुक्त गरिएको छ ।

आइतबार नै संघका अध्यक्ष भुवनसिंह गुरुङले मनोनीत चारजना सदस्यहरूलाई शपथ गराएका छन् । मनोनीत सदस्यहरूमा अल जाफर इन्टरनेसनल प्रालिका सञ्चालक मोहमद जवारुदिन मियाँ, भर्षा म्यानपावर प्रालिका सञ्चालक रविन मेगाले मगर, रेडियण्ट ओभरसिज प्रालिका सञ्चालक शिवकुमार कार्की र रोज ह्युमन रिसोर्सेस प्रालिकी सञ्चालक सविताकुमारी सिंह छन् । अध्यक्ष गुरुङले गत असार ३२ गते संघको विधानअनुसार चार सदस्य मनोनीत गरेका थिए ।




## पृष्ठ १ बाट क्रमशः

### कांग्रेस...

'यो विधेयकमा छलफल र यसको प्रावधानबारे अझै अध्ययन नगरी हुँदैन । दफाबार छलफल नगरी सोझै सदनबाट पारित गर्ने कुरा स्वीकार्य हुँदैन,' संशोधनकर्ता रहेका महामन्त्री थापाले भने । कांग्रेसले विधेयकमाथि थप अध्ययन आवश्यक रहेको जनाएको छ । यससँगै भूमि विधेयक 'होल्ड' हुन पुगेको छ ।

एमाले प्रमुख सचेतक बर्तौलाले भने बैठक सकारात्मक निष्कर्षोन्मुख भएको बताए । 'भूमि विधेयकको केही प्रावधानमा कांग्रेसको प्रश्न छ । त्यसलाई कसरी हल गरेर जाने भन्नेमा छलफल भयो । कांग्रेसको सवाल स्वीकार्न हामी तयार छौं र हाम्रो छलफल परिणामको दृष्टिले भन्दा उपलब्धिमूलक र सकारात्मक दुवै भयो,' बर्तौलाले भने ।

विधेयकमा सार्वजनिक जग्गा सुकुम्बासीका नाममा वितरण गर्ने र हदबन्दीभन्दा बढी जग्गा लिएका कृषि तथा उद्योग फर्मको जग्गा रियलस्टेट प्रयोजनका लागि बिक्री वितरण गर्न बाटो खुल्ने प्रावधान छ । ऐनको दफा ५२ (ख) संशोधन गर्दै सार्वजनिक जग्गा सुकुम्बासीका नाममा कार्यकर्तालाई बाँड्न मिल्ने प्रावधान राखिएको छ ।

विधेयकमा भनिएको छ, 'सुरु नापी हुँदाका बखत क्षेत्रीय नापी किताब वा लगतमा गौचर, हाट, हाटघाट वा बजार उल्लेख भएको जग्गामा दफा ५२ (ग) मा तोकेको समयावधिभन्दा अगावैदेखि घर टहरा बनाई आवाद कमोत गर्दै आएका रहेछन् र त्यस्तो जग्गा सुरु नापी हुँदाका बखत क्षेत्रीय नापी किताबको विरह महलमा वा लगतमा उल्लेख भएबमोजिम हाल उपयोगमा छैन भन्ने व्यहोरा जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको निर्णयसहित लेखी आएमा त्यस्तो जग्गा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउन बाधा पर्ने छैन ।'

एमालेले यी प्रावधानसहित ल्याएको विधेयक जसरी पारित गराउन चाहेको छ । यसअघि २५ असारमा द्रुतमार्गबाट एमालेले विधेयक पारित गर्न खोजेको थियो । कांग्रेसको चेतावनीका कारण विधेयक 'होल्ड' भयो ।

विधेयकमा कांग्रेसको मूलभूत विमति भनेकै हदबन्दीभन्दा बढीको जग्गा घरजग्गा व्यवसायका लागि बिक्री गर्न दिने र सार्वजनिक जग्गा वितरण गर्न दिने प्रावधानमा हो । यी प्रावधान सच्याउन कांग्रेस महामन्त्रीद्वय थापा र शर्मा तथा सांसदहरू बडू, सञ्जय गौतमलगायतले संशोधन प्रस्ताव दर्ता गराएका छन् । संशोधनमा भनिएको छ, 'प्रचलित कानुनबमोजिम हदबन्दीको छुट लिँदा कुनै कृषि फार्म, चिया उद्योगजस्ता व्यावसायिक कृषि उद्योग, प्रतिष्ठान, शिक्षण संस्था, स्वास्थ्य संस्था आदि प्रयोजनका लागि भनी छुट लिएको वा स्वीकृति लिएको जग्गा सोही प्रयोजनका लागि तोकिएको सर्तबमोजिम उपयोग नगरी खाली (बाँझो) राखेको वा फरक प्रयोजनमा प्रयोग गरेको वा पछि घर जग्गा व्यवसायको कम्पनी खडा गरी सो कम्पनीको नामबाट उक्त जग्गामा घर जग्गा व्यवसाय गरेको वा त्यस्तो व्यवसाय गर्न स्वीकृति लिएको वा स्वीकृतिका लागि निवेदन दिएको रहेछ भने पनि पहिले कृषि, उद्योगलगायत अन्य प्रयोजनका लागि छुट वा स्वीकृति लिएको सो जग्गामा घरजग्गा व्यवसाय गर्न, घडेरी वा त्यस्तो घडेरीमा घर आवास एकाइ (अपार्टमेन्ट) निर्माण गरी यस दफाबमोजिम बेचबिखन गर्न पाइने छैन ।'

कांग्रेस सांसदहरूको संशोधन विधेयकको अंग बने सार्वजनिक जग्गा बाँड्ने बाटो बन्द हुन्छ ।

■■■

### देउवाको...

'आज नेपाली कांग्रेस अगाडिको प्रश्न, चुनौती भनेकै के छ भने पुरानो भनेको थोत्रो, पुरानो भनेको खराब, पुरानो भनेको सबैभन्दा मूल्यहीन भन्ने ढंगबाट समाजमा जबरजस्त जुन नकारात्मक भाष्य स्थापित गर्न खोजिँदै छ । त्यसबाट नेपाली कांग्रेस बाहिर निस्किएर आउनुपर्ने छ,' गगनले भने, 'हामीलाई पुरानो भएकोमा गौरव छ । हामीलाई आफ्ना धेरै परम्पराहरूमा गौरव छ । यो मुलुकमा, यो धर्तीमा त्यही पुरानो नेपाली कांग्रेसले थुप्रै कुरा ल्याएको छ, योगदान गरेको छ, हाम्रो नेतृत्वमा भएको छ ।'

त्यसअघि गगनले पुस्तकालय बनाउन देउवाले सघाएकोमा प्रशंसा गरेका थिए । पार्टी केन्द्रीय कार्यालय सानेपामा नेपाली कांग्रेस पुस्तकालय तथा पार्टी अध्ययन स्रोत केन्द्र विभागले आयोजना गरेको कार्यक्रममा देउवाको प्रशंसा गर्दै गगनले भने, 'यो पुस्तकालय स्थापना गर्न सभापतिले एकै वचनमा ओके गरी अगाडि बढ् भन्नुभयो ।'

त्यसपछि बोलेका सभापति देउवाले पनि गगनको खुलेर प्रशंसा गरे । 'महामन्त्री गगन थापाजीले लाइब्रेरीको व्यवस्था गरेर अत्यन्त राम्रो काम गर्नुभएको छ,' देउवाले भने । अघिल्लो वर्षको बिपी स्मृति दिवसको अवसर पारेर कांग्रेसले आफ्नो केन्द्रीय कार्यालयमा पुस्तकालय स्थापना गरेको थियो ।

■■■

### पछिल्लो...

यसैगरी ७६५ जना प्रतिबद्ध श्रमिकको सिसिभिआई प्राप्त भएको जनाइएको छ । जसमध्ये ४६६ जना उत्पादन तथा २९९ जना कृषि क्षेत्रका रहेका छन् ।

कोरियामा चार वर्ष १० महिनासम्म एउटै रोजगारातासँग काम गरेर सोही रोजगारदाताकोमा फेरि काम गर्न जानेगरी फर्किएका कामदार प्रतिबद्ध श्रमिक हुन् । उनीहरू निश्चित समयका लागि आफ्नो मुलुक फर्किएपछि पुनः कोरिया फर्किन पाउँछन् । यसरी पुनः कोरिया जान उनीहरूले भाषा परीक्षालगायतका आवश्यक मापदण्ड पूरा गर्नुपर्छ । प्रतिबद्ध श्रमिकहरू विगतमा जुन कामका लागि गएको हो त्यही काममा जानुपर्ने प्रावधान छ । यस्ता श्रमिकहरू लग्दा रोजगारदाताले अनुभवी कामदार पाउने विश्वास गरिन्छ ।

कोरियाबाट श्रम सम्झौता आएपछि श्रमिकले इपिएस कार्यालय नै पुगेर सम्झौतामा हस्ताक्षर गर्नुपर्छ । रोस्टरमा नाम चढेको दुई वर्षभित्र श्रम सम्झौता नआए श्रमिकको नाम उक्त सूचीबाट हट्छ । यस्तो सम्झौता आएपछि भने विभिन्न प्रक्रिया र स्वास्थ्य मापदण्ड पूरा गरेपछि कोरिया जान पाइन्छ ।

कोरियाले सन् २००८ देखि नेपाली श्रमिक लग्दै आएको छ । त्यसयता एक लाख १५ हजारभन्दा बढी युवा भाषा परीक्षा उत्तीर्ण गरेर कोरिया गइसकेका छन् । मुलुकमा देखिएको रोजगारीको समस्याका कारण श्रमिकलाई आकर्षक तलब सुविधा दिने कोरियामा युवाहरूको आकर्षण बढ्दो छ । तर पछिल्लो समय न्यून संख्यामा श्रमिक लग्दा परीक्षा उत्तीर्ण भएर रोस्टरमा पालो कुर्दाकुर्दै अवधि सकिनेहरू आक्रोशित हुँदै आएका छन् ।

कोरियाले नेपालसहित विभिन्न १७ वटा मुलुकबाट श्रमिकहरू लग्दै आएको छ । सन् २०२४ को तुलनामा २०२५ मा आइपुग्दा स्रोत राष्ट्रहरूबाट श्रमिक लग्ने प्रक्रियामा २१ प्रतिशतले कमी आएको त्यहाँको श्रम मन्त्रालयको भनाइ छ । आर्थिक मन्दीका कारण त्यहाँको श्रमबजारमा श्रमिकको माग घट्दा छुटचाएको कोटाभन्दा थोरै संख्यामामात्र लग्दै आएको छ । इपिएस शाखाको तथ्यांकअनुसार नेपालबाट सन् २०२२ मा १५ हजार ३८०, २०२३ मा पाँच हजार १६ र २०२४ मा एक हजार ६२६ जना कामदार कोरिया गएका थिए ।

■■■

#### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०४/०६**

**एडमायरेबल सप्लाई कम्पनी प्रा. लि.** को मिति २०८२/०३/२१ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एडमायरेबल कन्स्ट्रक्सन एण्ड सप्लाई कम्पनी प्रा. लि. (प्रा. लि. नं. २६४९८१)** कायम गर्ने गरी मिति २०८२/०३/२५ गते श्री कम्पनी रजिष्ट्रार को कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबै को जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

#### १ (एक) दिने खारेजी सूचना

*प्रकाशित मिति २०८२/०४/०६ गते*

यस कार्यालयमा २०४५/०५/०७ मा दर्ता भएको प्रा.लि.नं.४२९ को संखुवासभा खाँडसारी उद्योग प्रा.लि.नामक कम्पनी यस कार्यालयको मिति २०८२/०४/०५ को निर्णयअनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा बमोजिम दर्ता/स्वेच्छिक खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

#### दावी विरोध सम्बन्धी
#### वैदेशिक रोजगार विभाग, काठमाडौंको सूचना

*प्रकाशित मिति २०८२/०४/०६ गते*

यस विभागबाट वैदेशिक रोजागर व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था श्री Quality International Overseas Consultancy Co.P. Ltd. (इ.प.नं.४४९/०६०/६१) को साविकको ठेगाना काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.९ परिवर्तन गरी काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.२६ कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

#### गुजरगानो र चुत्रोको बोक्राको प्रशोधन (हर्ब्स प्रशोधन) उद्योग सञ्चालन कार्यको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन माथि सार्वजनिक सुनुवाइको लागि आव्हान गरिएको सूचना

*प्रकाशित मिति : २०८२/०४/०६ गते*

पर्वत जिल्ला, कुश्मा-५ गण्डकी प्रदेश, नेपालमा **छिफु बायोटेक्नोलोजी प्रा.लि.** कुश्मा-५ पर्वत गण्डकी प्रदेश, नेपालद्धारा गुजरगानो र चुत्रोको बोक्राको प्रशोधन (हर्ब्स प्रशोधन) उद्योग सञ्चालन कार्यको प्रस्ताव गरिएको छ । वातावरण संरक्षण ऐन २०७६ अनुसार यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रासायनिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरूमा पर्ने प्रभाव यकिन गर्न तयार गर्न लागिएको प्रतिवेदन वारे राय सुझाव सङ्कलन गर्नुपर्ने भएकोले स्थानीय जनता, संघ संस्थाको प्रतिनिधिहरू तथा सरोकारवालाहरू र प्रस्तावक निकायको प्रतिनीधिहरूको बीच सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएकोले निम्न मिति, समय, स्थानमा सम्बन्धित सबै सरोकारवाला महानुभावहरूको सहभागिताको लागि अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई हुने मिति, स्थान र समय**
मिति : २०८२-०४-१२ गते, विहानको ११:०० बजे
स्थान : कुस्मा-५, एकता क्लव भवन, बञ्जिलाइन, कुस्मा पर्वत

**आयोजक**
छिफु बायोटेक्नोलोजी प्रा.लि.
कुश्मा-५, पर्वत, गण्डकी प्रदेश, नेपाल (सम्पर्क नं.९८१३४६००२३)
E-mail : marcussin2011 @gmail.com
**परामर्श दाताको नाम र ठेगाना** : एकिकृत सिर्जनशील नेपाल (सम्पर्क नं.९८४४०२९०००)
E-mail : iinepal2072@gmail.com.np


**जापानमा रोजगार** कम्पनी : ASIA CREATION COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/04/02 LT. No. 327346 चलानी नं. ६०२४१२१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 2 | 0 | 200000 | १,८५,६८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १३ गते (29th July 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

423/060/061 MANJUSHREE OVERSEAS SERVICE PVT. LTD.
Baluwatar, Kathmandu,Nepal, Tel: 01-4546052,
Email : info@manjushreeoverseas.com.np,Web: www.manjushreeoverseas.com.np



**साउदीमा रोजगार** कम्पनी : COMPANY AL-ANFAQ AL-SAOUDIYA FOR CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/04/05 LT. No. 327420 चलानी नं. ६०२४१२४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehouse Labour | 1 | 0 | 1000 | ३६,७८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १२ गते (28th July 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nasser Outsourcing Consultants Pvt. Ltd.
श्रम इजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Email: nocnepal@nassers.org



**साउदी/बहराइनमा रोजगार** कम्पनी : BIG GULF CHICKEN ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/04/04 LT. No. 327413 चलानी नं. ६०२४१२२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/Service Crew /Restaurant Worker | 2 | 0 | 1800 | ६६,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Meemoz Poke Cuisine W.L.L.

पूर्व स्वीकृति मिति : २०८२/04/04 LT. No. 327416 चलानी नं. ६०२४१२२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/Service Crew /Restaurant Worker | 1 | 0 | 160 | ५८,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १३ गते (29th July 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**युएइमा रोजगार** कम्पनी : GLOBE STAR CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८२/04/04 LT. No. 327335 चलानी नं. ६०२४१२३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 75 | 0 | 1000 | ३७,५७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ALASAD ALABIAD TECHNICAL SERVICESA L.L.C

पूर्व स्वीकृति मिति : २०८२/04/04 LT. No. 327218 चलानी नं. ६०२४१२२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LIFE GUARD -M | 20 | 0 | 1200 | ४५,०८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Security | 30 | 0 | 1200 | ४५,०८८ | | | | | | | |

कम्पनी : ONTOP CLEANING SERVICES CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८२/04/04 LT. No. 327347 चलानी नं. ६०२४१२३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Life Guards | 2 | 0 | 1500 | ५६,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Male Cleaners | 10 | 0 | 1000 | ३७,५७३ | | | | | | | |

कम्पनी : MADURAI CARPENTRY & FLOORING CONTRACTING L.L.C

पूर्व स्वीकृति मिति : २०८२/04/04 LT. No. 327219 चलानी नं. ६०२४१२३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 5 | 1 | 1300 | ४८,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Masons | 3 | 0 | 1250 | ४६,९६७ | | | | | | | |
| 3 | labourer / worker/ building worker / worker | 5 | 3 | 1200 | ४५,०८८ | | | | | | | |
| 4 | Scaffolder | 3 | 1 | 1350 | ५०,७२४ | | | | | | | |
| 5 | Steal Fixer | 5 | 0 | 1200 | ४५,०८८ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १३ गते (29th July 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pari Overseas Pvt. Ltd.
श्रम इजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, 9861252520, 9851050223, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

मंगलबार, ०६ साउन, २०८२

| | |
|---|---|
| मेष | हडबडीले कमहरु बिग्रन सक्नेछन् । |
| वृष | साताको प्रारम्भ उत्साहजनक हुनेछ । |
| मिथुन | महगा सामानतर्फ ध्यान जानेछ । |
| कर्कट | खानपान र पहिरनमा खर्च हुनेछ । |
| सिंह | खर्च बढ्नाले अभाव देखिन सक्छ । |
| कन्या | व्यापार बढ्नाले राम्रै आम्दानि हुनेछ । |
| तुला | नोकरीमा पद प्राप्ति हुनेछ । |
| वृश्चिक | मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । |
| धनु | अप्ठ्यारा परिस्थितिलाई सामना गर्नु पर्नेछ । |
| मकर | रमाइलो यात्रा, मनोरञ्जन प्राप्त हुनेछ । |
| कुम्भ | काम बन्नाले जोस जाँगर बढ्नेछ । |
| मीन | रोकिएका कम बन्ने नयाँ योजना । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०६ साउन , २०८२ (२२ जुलाई, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३७.५४ | १३८.१४ |
| युरो | १ को | १५९.९० | १६०.६० |
| पाउन्ड स्टिर्लङ | १ को | १८४.४२ | १८५.२३ |
| स्विस फ्रैन्क | १ को | १७१.६१ | १७२.३६ |
| अस्ट्रेलियन डलर | १ को | ८९.५४ | ८९.९३ |
| क्यानाडियन डलर | १ को | १००.२२ | १००.६६ |
| सिङ्गापुर डलर | १ को | १०७.०० | १०७.४७ |
| जापानी येन | १० को | ९.२४ | ९.२८ |
| चिनियाँ युआन | १ को | १९.१६ | १९.२५ |
| साउदी अरब रियाल | १ को | ३६.६७ | ३६.८३ |
| कतारी रियाल | १ को | ३७.७३ | ३७.९० |
| थाई भाट | ख १ को | ४.२५ | ४.२७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.४५ | ३७.६१ |
| मलेसियन रिङेट | १ को | ३२.३९ | ३२.५३ |
| दक्षिण कोरियन वन | १०० को | ९.८९ | ९.९३ |
| स्विडिस क्रोनर | १ को | १४.२३ | १४.२९ |
| डेनिस क्रोनर | १ को | २१.४२ | २१.५१ |
| हङकङ डलर | १ को | १७.५३ | १७.६० |
| कुवेती दिनार | १ को | ४४९.८३ | ४५१.७९ |
| बहराइन दिनार | १ को | ३६४.८३ | ३६६.४२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# 'स्वास्थ्य मन्त्रालयको एक वर्षे उपलब्धि उल्लेखनीय'



**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले वर्तमान सरकार गठनको एक वर्षमा भएका प्रमुख उपलब्धिहरू सार्वजनिक गर्दै आगामी कार्यदिशाबारे जानकारी गराएको छ । सोमबार यहाँ आयोजित पत्रकार सम्मेलनमा स्वास्थ्यमन्त्री प्रदीप पौडेलले सीमित स्रोतसाधनका बीच पनि मन्त्रालयले उल्लेखनीय उपलब्धि हासिल गरेको बताए ।

उनले आधारभूत अस्पताल सञ्चालन, डेंगी संक्रमण नियन्त्रण, एचपिभी खोप अभियान, विपद् व्यवस्थापन, आपत्कालीन तयारी, कर्मचारी समायोजनलगायत मुद्दामा तीन तहबीच सहकार्य गर्दै समस्या समाधानमा स्पष्टता ल्याइएको बताए । मन्त्री पौडेलले मन्त्रालय मातहतको संगठन तथा व्यवस्थापन (ओएनएम) सर्वेक्षणमार्फत दुई हजार १०० नयाँ जनशक्ति थप गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा पुगेको र एक दर्जनभन्दा बढी नयाँ विधेयकहरू तयारीको अन्तिम चरणमा रहेको बताए ।

उनले भने, 'स्वास्थ्य बिमा प्रणालीमा आमूल सुधार गर्दै अनलाइनबाट बिमाको नवीकरण हुने, दीर्घरोगमा पुनः रिफरको झण्झट हटाउने र बिमा अवधि घटाएर एक महिना बनाउने व्यवस्था मिलाइएको छ । क्यान्सर, मुटु, मिर्गौला, स्पाइनल इञ्जुरीजस्ता आठ प्रकारका जटिल रोगका लागि दुई लाख रूपैयाँसम्मको सेवा बिमाअन्तर्गत उपलब्ध गराउने व्यवस्था पनि लागू भइसकेको छ ।'

मन्त्री पौडेलका अनुसार पूर्वाधार विकासमा स्वास्थ्य मन्त्रालयले हालसम्म ११३ आधारभूत अस्पताल निर्माण सम्पन्न गरिसकेको र ५५ वटा अस्पताल सञ्चालनका लागि तयारी अवस्थामा रहेका छन् । यस्तै, गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गर्न संघीय अस्पतालहरूमा दुई सिफ्ट बहिरंग (ओपिडी) सेवा सुरु गरिएको छ । सरकारी अस्पतालहरूमा पक्षघात, सिकलसेल एनिमिया, थालसेमिया, हिमोफिलियाजस्ता रोगको औषधि र उपचार सेवा निःशुल्क गरिएको छ ।

स्वास्थ्यमन्त्री पौडेलले जनसंख्यालाई सन्तुलित, व्यवस्थित र समावेशी बनाउने लक्ष्यसहित 'राष्ट्रिय जनसंख्या नीति २०८२'पारित गरिएको बताए । 'आगामी वर्षसम्ममा सुधार अभियानलाई पूर्णता दिँदै नेपाललाई गुणस्तरीय, सुलभ र दिगो स्वास्थ्य सेवा प्रदान गर्ने देश बनाउने प्रतिबद्धता गरेर लागिरहेका छौं । हामीले थालनी गरेका पहलहरू स्वास्थ्य क्षेत्रको दीर्घकालीन सुधारको आधार बन्ने छन्,' उनले भने ।

# अध्यागमन कार्यालयमा प्रमुखसहित ४५ नयाँ अधिकृत खटिए

**काठमाडौं (प्रस)–** अध्यागमन सुधारका क्रममा गृह मन्त्रालयले हालै लोकसेवा आयोग पास गरी आएका ४५ जना शाखा अधिकृतलाई सोमबारदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयमा खटाएको छ ।

अध्यागमन विभागका महानिर्देशक गोविन्द रिजालले सोमबारदेखि अध्यागमन कार्यालयका प्रमुख सहसचिव नरहरि घिमिरे र ४५ जना नयाँ शाखा अधिकृत विमानस्थलमा खटिएको जानकारी दिए ।

'लोकसेवाबाट आएका अधिकृतहरूलाई विभागले तीनदिने तालिमपश्चात् सोमबारदेखि विमानस्थल अध्यागमनमा खटाएको छ,' उनले भने, 'अध्यागमन कार्यालयमा प्रमुखका रूपमा आउनुभएका सहसचिव घिमिरे मंगलबारदेखि हाजिर भइसक्नुभएको छ ।' विमानस्थलस्थित अध्यागमनको प्रमुखका रूपमा सरूवा भएका घिमिरे अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रवक्ताका रूपमा काम गरिसकेका सहसचिव हुन् ।

केही दिनअघि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ४५ अधिकृतको नाम गृह मन्त्रालयमा पठाएको थियो । त्यसैगरी गृह मन्त्रालयले ४५ जना शाखा अधिकृत अध्यागमनमा खटिएको र सोही संख्यामा शाखा अधिकृत मन्त्रालय तानिएको जनाएको छ । 'विमानस्थलबाट आएका अधिकृतहरू मन्त्रालयमा दरबन्दी मिलान हुन्छ,' गृह मन्त्रालयको प्रशासन महाशाखाका उपसचिव सुरेश जोशीले भने, 'दरबन्दीभन्दा बढी अधिकृत भए तिनलाई सामान्य प्रशासन मन्त्रालयमार्फत बाहिर पठाउने काम हुन्छ ।' उनले दरबन्दीअनुसार मात्रै मन्त्रालयले अधिकृतहरू राख्ने बताए ।

त्यस्तै सरकारले पूर्वमुख्य सचिव शंकरदास बैरागीको संयोजकत्वमा अध्यागमन र भिजिट भिसा सम्बन्धमा देखिएका समस्या समाधान उच्चस्तरीय अध्ययन एवं छानबिन समिति गठन गरेको छ । उक्त समितिलाई विदेश जाने आउने व्यक्तिको यात्रा सहजीकरण सम्बन्धमा अध्ययन विश्लेषण तथा तथ्यगत छानबिन गरी देखिने समस्या समाधान गर्न नीतिगत कानुनी एवं संरचनागत सुधारको तत्कालीन र दीर्घकालीन कार्ययोजना प्रस्तुत गर्नेलगायत कार्यादेश दिइएको छ । समिति अहिले कार्यादेशअनुसार काम गरिरहेको छ ।

# काठमाडौं अदालतमा कानुनी सहायता केन्द्र

**काठमाडौं (प्रस)–** जिल्ला अदालत काठमाडौंमा वैतनिक वकिल तथा कानुनी सहायता तथा परामर्श केन्द्र स्थापना गरिएको छ । अदालत परिसरमा सोमबार केन्द्रको औपचारिक उद्घाटन गरिएको हो ।

केन्द्रको उद्घाटनपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै काठमाडौं जिल्ला अदालतका प्रमुख न्यायाधीश कमलप्रसाद पोखरेलले न्यायमा पहुँचका लागि वैतनिक वकिल तथा कानुनी सहायता तथा परामर्श केन्द्रको स्थापना गरिएको बताए ।

'अशक्तहरूका लागि निःशुल्करूपमा कानुनी सहायता गर्ने हेतुले अदालतमै कार्यकक्ष उपलब्ध गराएर सेवा सुरू गरिएको हो, अब वैतनिक वकिल नभेटिने अवस्था रहँदैन,' उनले भने, 'न्यायमा पहुँच नपुग्नेका लागि यो निःशुल्क सेवाले पैसा खर्च गर्न र नसक्नेहरूले कानुनी उपचारमा सहभागी हुन पाउने अवस्था आएको छ, यो राम्रो कुरा हो ।'

अदालतमा सुरूदेखि नै एक जना वैतनिक वकिल र एक कानुनी सहायता अधिकृतको व्यवस्था भए पनि आफ्नै कार्यकक्ष बनाइएको थिएन । वैतनिक वकिल र कानुनी सहायता अधिकृतलाई भेट्नै मुस्किल परेको भन्ने गुनासो आएपछि अदालतले बिहान १० बजेदेखि साँझ ५ बजेसम्म कम्तीमा एक अधिकृत कार्यकक्षमै रहनेगरी कानुनी सहायता केन्द्रको स्थापना गरेको हो ।

आर्थिक विपन्नता, अपांगता, अशक्तता र कानुनी सहायता आवश्यक भएका सेवाग्राहीका लागि प्रत्येक अदालतमा निःशुल्क बहस पैरवीलगायत कानुनी सेवा गर्न वैतनिक वकिलको व्यवस्था हुने गरेको छ । सो अदालतमा दैनिक आठ हजार सेवाग्राहीको भीड रहने गरेको छ ।

पृष्ठ १ बाट क्रमशः

## शेखरविरुद्ध...

त्यसैगरी शेखरले वैकल्पिक गठबन्धन बनाउने गृहकार्य जारी राखेका छन् नि भन्ने प्रश्नको जवाफ दिँदै भने, 'यो गठबन्धन कांग्रेस र एमालेको हो । र, यो गठबन्धन २०८४ को निर्वाचनसम्मै जान्छ । कांग्रेस र एमालेबीच सरकार गठनताका भएको सम्झौतामा पनि २०८४ सम्मै एक भएर जाने सहमति छ ।

यसैगरी आफूहरूले गरेको छलफलबारे जानकारी दिन 'सात भाइ' नेताहरू देउवानिवास बूढानीलकण्ठ जाने तयारीमा छन् । आज मंगलबार देउवालाई भेट्ने नेता सिटौलाले बताए ।

यसअघि आइतबारमात्र शेखरले आफूपक्षका सांसदहरूसँग काठमाडौंको बत्तीसपुतलीस्थित अनुपम फुडल्याण्डमा छलफल गरेका थिए । त्यसैगरी उनले आफ्नो कोटाबाट मन्त्री भएकाहरूसँग दरबारमार्गस्थित होटल याक एण्ड यतीमा भेटेका थिए । भेटपछि शेखरनिकट सांसद डा. सुनिल शर्माले शेखर प्रधानमन्त्री बन्ने गृहकार्यमा रहेको बताएका थिए । शर्माका अनुसार केही दिनमै शेखरले आफ्नो कोटाबाट मन्त्री भएकाहरूलाई सरकारबाट फिर्ता बोलाउने दाबी गरेका थिए ।

एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारमा कांग्रेसबाट प्रकाशमानको नेतृत्वमा १० मन्त्री र एक राज्यमन्त्री छन् । जसमा खेलकुदमन्त्री तेजुलाल चौधरी र कृषिमन्त्री रामनाथ अधिकारीमात्र शेखर समूहका हुन् । उनकै समूहबाट मन्त्री बनेका पर्यटनमन्त्री बद्री पाण्डे पछिल्ला दिनमा महामन्त्री थापातिर ढल्कन थालेका छन् । मन्त्रीहरूलाई दैनिक फिर्ता बोलाउने भन्नेजस्ता विषयले चौधरी र अधिकारी पनि शेखरसँग चिढिएका नेताहरू बताउँछन् ।

स्थानीय सरकार

## खनियाबास गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

दार्खा, धादिङ

बागमती प्रदेश, नेपाल

## गाडी भाडामा लिने सम्बन्धि सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना !

**सूचना प्रकाशित मिति : २०८२/०४/०६**

चालु आ.व. २०८२/०८३ को आषाढ मसान्तसम्मको लागि यस खनियाबास गाउँपालिकाको कार्यालय प्रयोजन तथा योजना अनुगमन, निरिक्षण, सुपरिवेक्षण र फिल्ड भिजिट लगायतका कार्यका लागि नेपाली नम्बर प्लेट भएको चार पाङ्ग्रे हलुका सवारी साधन (4-Wheel बोलेरो) जिप थान- ०१ भाडामा लिनुपर्ने भएकाले तपसिल बमोजिमको मापदण्ड र शर्तको अधिनमा रही भाडाको गाडी वा निजी गाडी भाडामा दिन इच्छुक सवारी धनी/फर्महरुलाई यही सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा यस कार्यालयको राजश्व शाखा वा ग्लोबल आइ.एम.ई बैंकमा रहेको आन्तरिक राजश्व खाता नं. ३६२०४०१००००००५ मा दस्तुर रु. १,०००/- (अक्षरुपि एक हजार रुपैया मात्र) तिरेको रसिद सहित शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । पेश भएका सिलबन्दी दरभाउपत्र सूचना प्रकाशन भएको मितिले सोह्रौं दिनको ०७:०० बजे खोलिनेछ । उक्त दिन बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिन ०७:०० बजे नै खोलिनेछ ।

**तपसिलः**

१. सिलबन्दी दरभाउपत्र पेश गर्दा बिमा कायम गरि नवीकरण भएको सवारी दर्ता प्रमाणपत्र, सवारी चालकको नवीकरण भएको चालक अनुमति पत्र, फर्मको हकमा फर्म दर्ता वा नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता भएको प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र प्रदुषण मापनको हरियो स्टिकरको प्रमाण संलग्न राखी यस कार्यालयमा आफै वा आफ्नो आधिकारिक प्रतिनिधि पठाई सिलबन्दी दरभाउपत्र दर्ता गर्न सकिनेछ ।

२. दरभाउपत्रको प्रत्येक पानामा सहिछाप गरी प्रत्येक आइटमको दररेट अंक र अक्षर दुवैमा प्रष्ट लेखी सिलबन्दी गरी पेश गर्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ ।

३. रीत नपुगी आएका, म्याद नाघी आएका वा अन्य शर्त राखी पेश हुन आएका दरभाउ पत्र मुल्याङ्कनमा समावेश गरिने छैन ।

४. सवारी साधन चालकको पारिश्रमिक तथा अन्य सुविधा र सवारी साधनको मर्मत सम्भार, सर्भिसीङ, इन्धन लगायत सबै खर्च सवारी धनीले गर्नु पर्नेछ ।

५. सवारी साधन भाडामा लिए पश्चात सम्झौता अवधिभर कार्यालयको आवश्यकता अनुसार जुनसुकै समयमा उपलब्ध गराउनु पर्नेछ साथै कार्यालयको अनुमति बिना अन्य प्रयोजनको लागि सवारी साधन प्रयोग गर्न पाइनेछैन ।

६. प्रस्तावित दरभाउ रकममा दस प्रतिशत बहाल कर कट्टा गरी मासिक रुपमा भुक्तानी गरिनेछ ।

७. सम्भावित दैवी प्रकोपबाट हुने क्षतिको सम्बन्धमा स्वयम् सवारी धनि जवाफदेही हुनेछ ।

८. सवारी साधन बिग्रिएर सेवा दिन असमर्थ भएमा बैकल्पिक सवारी साधनको व्यवस्था गर्ने जिम्मा सवारी धनीको हुनेछ ।

९. माथि उल्लेख नभएका शर्तको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**सवारी साधनमा हुनुपर्ने मापदण्डहरु:**

- चार पांग्रे सवारी साधन (बोलेरो) 4 Wheeler हुनुपर्ने र सिट क्षमता ६ वा सो भन्दा माथि हुनुपर्नेछ ।

**पुनश्चः कार्यालयको हितलाई ध्यानमा राखी पेश भएका शिलबन्दी दरभाउ पत्रहरु पूर्ण रुपमा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयको हुनेछ ।**

प्रमुख प्रशासकीय अधिकृत


## युएइमा रोजगार — कम्पनी : R K R R INTERNATIONAL CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८२/04/05 | LT. No. 327324 | चलानी नं. ६०२४१२५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assitant To Electrician | 2 | 0 | 1200 | ४५,०४२ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter Asst. | 2 | 0 | 1200 | ४५,०४२ | | | | | | | |
| 3. | Stone Mason/brick Mason/tyle Layer/mason Assitant/construction Carpente | 2 | 0 | 1200 | ४५,०४२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १३ गते (29th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sulav Recruitment Pvt.Ltd.** Govt. License No. 1336/074/075

Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : +977- 5903011/5903012, Email: sulavrecruitment@gmail.com, Website: www.sulavhr.com

## साउदीमा रोजगार — कम्पनी : K FOUR TRADING COMPANY ONE PERSON CO.

पूर्व स्वीकृति मिति : २०८२/04/02 | LT. No. 327319 | चलानी नं. ६०२४११७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Worker | 5 | 0 | 1200 | ४४,१०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PROJECT SUPPORT CONTRACTING COMAPANY

पूर्व स्वीकृति मिति : २०८२/04/02 | LT. No. 327318 | चलानी नं. ६०२४११७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 4 | 0 | 1000 | ३६७५५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FUTURE PIPE INDUSTRIES.

पूर्व स्वीकृति मिति : २०८२/03/32 | LT. No. 327117 | चलानी नं. ६०२४१०८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 2 | 0 | 1000 | ३६७५५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : IDARAT ALKHAIR COMPANY

पूर्व स्वीकृति मिति : २०८२/03/32 | LT. No. 327116 | चलानी नं. ६०२४१०८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 1 | 0 | 1800 | ६६,१५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १३ गते (29th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd** श्रम इजाजत नं. १३०५/०७४/०७५

Ratopul, Gaushala-7, Kathmandu, Nepal, Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरूबाट आफ्नो बायोडाटासहित यथाशीघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Office Secretary - (2 Female & 1 Male) ★ तलबः ३५,000 देखि ६0,000 सम्म
2. Recruitment Head - (1 Female & 1 Male) ★ तलबः ३५,000 देखि ६५,000 सम्म

नोटः +2 Passed, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा कम्तिमा २ वर्ष अनुभवी, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

**आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।**

**TESLA OVERSEAS PVT.LTD.** Govt. License 1638/080/81

Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965, Email: info@teslaoverseas.com.np, md@teslaoverseas.com.np, Web: www.teslaoverseas.com.np

## युएइमा रोजगार — कम्पनी : WORLD STAR MANPOWER SOLUTIONS

पूर्व स्वीकृति मिति : २०८१/०६/04 | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/05 | LT. No. 311147 | चलानी नं. ६०२२५६३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plasterer | 21 | 0 | 1200 | ४५,०४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १३ गते (29th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1657/080/81

**AL ZAHRA HUMAN RESOURCES CONSULTANCY PRIVATE LIMITED**

Old Baneshwor-9, Bhimsengola, Kathmandu, Landline No : 01-4586367, 4586366, Mob: 9810003423/970-4414954

E-mail : alzahranepal@gmail.com, URL : www.alzahrahr.com

## कुवेतमा रोजगार — कम्पनी : Al Rehab International Company for Managing Childrens Day Nurseries

पूर्व स्वीकृति मिति : २०८१/०६/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/05 | LT. No. 311217 | चलानी नं. ६०२४१२४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Female | 0 | 30 | 120 | ५४,१६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १३ गते (29th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.** श्रम इजाजत नं. ८३३/०६६/०६७

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251

E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## साउदीमा रोजगार — कम्पनी : ABDULLAH FAHAD MAHNA AL MARSHID AUTO MAINTENANCE WORKSHOP E

पूर्व स्वीकृति मिति : २०८२/04/04 | LT. No. 327227 | चलानी नं.६०२४१२५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cloth Washing Labor | 2 | 0 | 1200 | ४४,१०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १३ गते (29th July 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैंले | कामदारले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FAST EMPLOYMENT SERVICE (P) LTD** Govt. License 1399/074/75

Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431

E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np

## युएइमा रोजगार — कम्पनी : AL KANZ JEWELLERY L.L.C

पूर्व स्वीकृति मिति : २०८२/04/04 | LT. No. 326975 | चलानी नं. ६०२४१२३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव UAE | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant technician/telecommunication | 0 | 2 | 1500 | ५६,३५३ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | JEWELER | 1 | 0 | 1500 | ५६,३५३ | | | | | | | |
| 3 | MASSAGER | 1 | 0 | 1500 | ५६,३५३ | | | | | | | |
| 4 | Sales Officer | 5 | 8 | 1500 | ५६,३५३ | | | | | | | |
| 5 | Trainer | 1 | 0 | 1500 | ५६,३५३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १३ गते (29th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११७३/०७३/०७४

**E.U.Bright Future Pvt. Ltd. (PRESTIGE H.R. SOLUTION PVT.LTD.)**

Tokha Municipality-10, Kathmandu, Nepal, Tel: 01-4975111, Email: eubrightfuture626@gmail.com

## युएइमा रोजगार — कम्पनी : SIMPLE INTERIOR LLC

पूर्व स्वीकृति मिति : २०८२/04/05 | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/24 | LT. No. 327418 | चलानी नं. ६०२४१२३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1200 | ४५,०८२ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electricians | 2 | 0 | 1200 | ४५,०८२ | | | | | | | |
| 3 | Painter Assistant | 3 | 0 | 1200 | ४५,०८२ | | | | | | | |
| 4 | Plumber | 1 | 0 | 1200 | ४५,०८२ | | | | | | | |
| 5 | Wood Painter | 4 | 0 | 1200 | ४५,०८२ | | | | | | | |
| 6 | Wood Treater | 3 | 0 | 1200 | ४५,०८२ | | | | | | | |
| 7 | Wood Turner | 4 | 0 | 1200 | ४५,०८२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः श्रीराम जानकी ट्रेनिङ सेन्टर, बर्दिबास-१४, महोत्तरीमा मितिः २०८२ साउन २० गते (5th Aug. 2025) मा हुनेछ । बालुवाटार काठमाडौंमा मितिः २०८२ साउन २१ गते (6th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NEPAL PLACEMENT AGENCY PVT. LTD.** Govt. License 290/059/60

Shuberna Shamsher Marg, Ward No. 4, Baluwatar, Kathmandu, Nepal, Tel: +977-1-4531239, 4532999

KTM: 9851002903, Email : info@npajobs.com, Web : www.npajobs.com

Bardibas : 9748463004,9817838138, 9854024082, 9815863083, 9811373879

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# जनतालाई छक्याउन सत्तारुढ दलको खेल


शक्तिशाली दुई दल मिलेर बनेको सरकारले वर्ष दिन पुगेको छ । यो बेला सरकारको कार्यसम्पादन र मन्त्रीहरूको कार्यक्षमतामाथि समीक्षा गर्ने समय हो । हुन त मन्त्रीहरूले दैनिक वर्ष दिनको कार्यसम्पादन रिपोर्ट सार्वजनिक गरिरहेका छन् । तर तिनले जनताको ध्यान तान्न सकेको छैन । कारण, एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा रहेका मन्त्रीहरूको काम गराई जनतालाई फिटिक्कै चित्त बुझेको छैन ।

उनीहरूको प्रगति विवरणभन्दा पनि सरकार कहिले परिवर्तन हुन्छ भन्ने विषय अहिलेको चासोको विषय बनेको छ । एक त नेपालमा नौ–नौ महिनामा सरकार पविर्तन भइरहने भएकै कारण कतै सत्तापलट हुन्छ कि भन्ने अनुमान हो । अर्कोचाहिँ ओली नेतृत्वसँग आक्रोशितहरू कतै एमालेकै नेतृत्व परिवर्तन हुन्छ कि भन्ने आशाले पनि हो । यसरी पछिल्लो दिन सरकारमाथि समीक्षाभन्दा पनि सर्वसाधारणदेखि दलहरू च्यासलको समीक्षामा लागेका छन् । हुन पनि दुईपटक राष्ट्रपति भइसकेकी विद्यादेवी भण्डारीको सक्रिय राजनीतिमा पुनरागमनले राजनीतिक माहोल तातिएको छ । ओलीप्रति आक्रोशितहरूले भण्डारीको 'कमब्याक'लाई स्वागत गरेका छन् । यद्यपि, देशको सर्वोच्च पदमा पुगिसकेकी भण्डारी सक्रिय राजनीतिमा आउनु सकारात्मक हैन ।

अहिले ओलीले उनको सदस्यता नवीकरण भयो कि भएन भन्ने विषयमै जनचासो र छलफलको विषय बनाइदिएका छन् । त्यसैले पनि सर्वसाधारण पनि अहिले सरकारले दैनिक गर्नुपर्ने कामभन्दा दलकै रमिता हेर्न रौसिरहेका छन् । सत्ताको नेतृत्व गरिरहेको एमालेको पार्टी कार्यालय च्यासलमा यो रमाइलो भइरहँदा सबैभन्दा ठूलो दल नेपाली कांग्रेसभित्र पनि दरार पैदा भएको छ ।

झिनो मत रहेको संस्थापनइतरका नेता डा. शेखर कोइरालाले सत्ता समीकरण बदल्ने प्रयास गर्दा बूढानीलकण्ठ त्रसित देखिएको छ । त्यसैले कांग्रेस सभापति शेरबहादुर देउवाले आफूनिकट नेताहरूलाई मोर्चाबन्दी गर्न खटाएको देखिन्छ । यही मेसोमा संसद् पनि बन्द छ । अहिले बाढीपहिरोको जोखिम छ, डेंगीको जोखिम उत्तिकै बढेको छ । कोरोनाका कारण स्वास्थ्य संकट देखिन थालेको छ । घुस काण्डमा धमाधम मन्त्रीहरू नै मुछिन थालेको विषय बाहिर आएको छ । प्रदेशको बजेट विनियोजन अमिल्दो हुँदा सरकारप्रति जनता निराश छन् । तर यी विषय छल्न दलहरूले आफैंभित्र कलह देखाउँदै 'माछो, माछो, भ्यागुतो' खेल खेलिरहेका छन् । यसरी जनतालाई छक्याएर गोलमटोल गर्नु आफ्नै खुट्टामा बञ्चरो हान्नुसरह हो है शीर्ष दलका नेताहरू !

# गतिशील बन्दै छ अर्थतन्त्र



■ विष्णुप्रसाद पौडेल

> यो बजेटले ऊर्जा, जलस्रोत, औद्योगिकीकरण, श्रम रोजगार, शिक्षा, स्वास्थ्य र कृषिको क्षेत्रमा धेरै महत्त्वपूर्ण विषय अघि सारेको छ । यस्ता कार्यक्रम कार्यान्वयनले हाम्रो अर्थतन्त्र चलायमान हुन्छ भन्ने सरकारको विश्वास छ । मौद्रिक नीतिले पनि स्वाभाविकरूपमा आर्थिक विकासलाई टेवा दिने हो । समग्रमा सरकारको मौद्रिक नीति र बजेटको प्रभावकारिताको माध्यमबाट हामीले अर्थतन्त्रलाई गतिशील बनाउन सक्छौं । त्यसैले हामीले भनेका छौं कि- आगामी आर्थिक वर्ष छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्छौं ।

चालु आर्थिक वर्षको बजेट अर्थतन्त्रलाई चलायमान बनाउन केन्द्रित गरिएको छ । उत्पादन र उत्पादकत्व वृद्धि गर्न, रोजगारी सिर्जना गर्न, स्वदेशी र विदेशी लगानीलाई आकर्षित गर्न सहयोग पुग्ने छ । यो बजेटले ऊर्जा, जलस्रोत, औद्योगिकीकरण, श्रम रोजगार, शिक्षा, स्वास्थ्य र कृषिको क्षेत्रमा धेरै महत्त्वपूर्ण विषय अघि सारेको छ । यस्ता कार्यक्रम कार्यान्वयनले हाम्रो अर्थतन्त्र चलायमान हुन्छ भन्ने सरकारको विश्वास छ । मौद्रिक नीतिले पनि स्वाभाविकरूपमा आर्थिक विकासलाई टेवा दिने हो । समग्रमा सरकारको मौद्रिक नीति र बजेटको प्रभावकारिताको माध्यमबाट हामीले अर्थतन्त्रलाई गतिशील बनाउन सक्छौं । त्यसैले हामीले भनेका छौं कि- आगामी आर्थिक वर्ष छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्छौं ।

लगानीमैत्री वातावरण निर्माण गर्न वर्तमान सरकारले धेरै नीतिगत सुधार गरेको छ । कानुनी सुधार पनि गरिएको छ । सरकारले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) ऐन २०८१, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन २०८१, निजीकरण (पहिलो संशोधन) ऐन २०८१, भन्सार महसुल ऐन, २०८१, बैंकिङ कसुर तथा सजाय ऐन २०८२ र भन्सार ऐन २०८१ ल्याएको छ । त्यसैगरी, विनियोजन ऐन २०८२, राष्ट्र ऋण उठाउने ऐन २०८२, आर्थिक ऐन २०८२, वैकल्पिक विकास वित्त परिचालन विधेयक २०८१ (प्रतिनिधिसभामा पेस), आन्तरिक राजस्व परिचालन रणनीति सार्वजनिक २०८१, सार्वजनिक खर्चलाई मितव्यायी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड २०८१ र वैदेशिक सहायता परिचालन नीति २०८२ पनि सार्वजनिक गरेको छ । यद्यपि, लक्ष्यअनुसारको राजस्व संकलन, पुँजीगत खर्चमा थप वृद्धि र नेपाललाई वित्तीय अपराध नियन्त्रण कार्यदल (एफएटिएफ) को सूचीबाट बाहिर निस्कने अर्थतन्त्रका चुनौती छन् ।

निजी क्षेत्रका गुनासा तथा मागहरू सुनुवाइ र आत्मविश्वासमा वृद्धि भएको छ । निर्माण क्षेत्रका गुनासा र माग सुनुवाइ भएका छन् । अघिल्लो वर्षको दायित्व ३० अर्ब रूपैयाँभन्दा बढी भुक्तानी तथा भुक्तानीको समस्या साम्य भएको छ । बहुवर्षीय ठेक्का प्रक्रियालाई व्यवस्थित र कार्यान्वयनयोग्य बनाइएको छ । अर्थतन्त्रको आकार चार खर्ब रूपैयाँले वृद्धि भएको छ । गत वर्ष ५७ खर्ब रहेकामा यो वर्ष ६१ खर्ब पुगेको छ ।

गत आर्थिक वर्षमा विप्रेषण १५.५ प्रतिशत वृद्धि भई १५ खर्ब ३२ अर्ब रूपैयाँ पुगेको छ । अघिल्लो वर्ष १३ खर्ब २७ अर्ब थियो । शोधनान्तर स्थितिमा सुधार भएको छ । अहिले यो चार खर्ब ९१ अर्ब रूपैयाँ पुगेको छ । विदेशी विनिमय सञ्चिति १८ अर्ब ६५ करोड अमेरिकी डलर छ । यो अघिल्लो वर्ष १४ अर्ब ७२ करोड डलर थियो । वैदेशिक सहायता प्रतिबद्धतामा पनि वृद्धि भएको छ । गत वर्ष एक खर्ब १९ अर्बले वृद्धि भएको छ । गत वर्ष कूल दुई खर्ब १९ अर्ब रूपैयाँको प्रतिबद्धता भएको छ । अघिल्लो वर्ष सोही अवधिमा एक खर्ब दुई अर्ब रूपैयाँ प्रतिबद्धता रहेको थियो ।

संसद्मा सत्तापक्ष र प्रतिपक्षसहितको संसदीय अभ्यास सबै दृष्टिकोणले उत्कृष्ट हुनुपर्छ । सत्तापक्ष र प्रतिपक्षलाई पनि एजेण्डाले डोर्‍याउनुपर्छ भन्ने म ठान्दछु । पछिल्लो दिनमा प्रतिपक्षको काम कारबाहीले अचम्मित तुल्याएको छ । साथीहरू किन यसो गरिरहनुभएको छ, बुझ्न सकिएको छैन । प्रतिपक्षी दलका सांसदले विषयवस्तु उठाउनुहुन्छ, तर त्यो विषयसँग सम्बन्धित परिपक्व आधार हुँदैन, छैन । उहाँहरूले सदन बहिष्कार गर्नुहुन्छ । रोस्ट्रम घेर्नुहुन्छ । यो तरिका उपयुक्त होइन । तथ्य र तर्कमा आधारित भएर सदनमा प्रस्तुत हुने, सदनलाई विश्वास गर्ने अनि सदनमार्फत सिंगो समाजलाई विश्वास जित्नेगरी प्रतिपक्ष जानुपर्छ । त्यो नगरेका कारण प्रतिपक्ष केही दलको भूमिका अपरिपक्व देखियो ।

संविधानका अधिकांश प्रावधान कार्यान्वयन भएकै छन् । संविधान बनेसँगै संविधानले परिकल्पना गरेको संरचना बनेका छन् । संविधानको मर्म र भावनाअनुसार धेरै कानुन बनेका छन् । कतिपय कानुन बन्ने क्रममा छन् । संविधानले परिकल्पना गरेअनुसार तीनै तहका दुईवटा निर्वाचन सम्पन्न भइसकेका छन् । जनप्रतिनिधि संस्थाले आ-आफ्नो काम गर्दै अगाडि बढ्ने कोसिस गरिरहेका छन् । आमरूपमा हेर्दा आधारभूतरूपमा संविधानको कार्यान्वयन भएको छ । जहाँसम्म, संविधानमा परिकल्पना गरिएका ध्येय र उद्देश्यहरू छन्, त्यो प्राप्तिका लागि समय लाग्छ । स्रोतसाधनको पनि आवश्यकता पर्छ । यी सबै कुरा हेर्दा समग्रतामा संविधान कार्यान्वयन सही मार्गमा अघि बढेको छ, भएको छ । संविधान कार्यान्वयनसँग सम्बन्धित बाँकी अभिभारालाई प्रभावकारी ढंगले अगाडि बढाइरहेका छौं ।

हामीले सुरुदेखि भन्दै आएका छौं कि, संविधान ढुंगामा लेखिएको अक्षर होइन । समाज र राष्ट्रको आवश्यकता तथा अनुभवसँगै संविधान परिस्कृत हुने भन्ने मान्यता राख्छौं । त्यसकारण संविधानलाई अपरिवर्तनीय होइन, परिवर्तन गर्न सकिने दस्तावेजको रूपमा मान्दछौं । संविधान घोषणा भएदेखि आजसम्मको अनुभवका आधारमा संविधानमा कहाँ-कहाँ संशोधन गर्नुपर्छ होला भन्ने एक खालको अनुभूति राजनीतिक दलहरूको बीचमा र संसद्का सदस्यहरूमा भएको छ । ती विषयमा आवश्यकताका आधारमा छलफल गरी राजनीतिक सहमति जुटाउँदै संसद्बाट संविधान संशोधन गर्ने बाटो हिंड्नुपर्छ भन्ने सरकारको बुझाइ हो । सरकार बनाउँदा हामीले उल्लेख गरेको सात बुँदामध्ये एउटा महत्त्वपूर्ण बुँदा संविधान संशोधन पनि हो । हामी यसमा अहिले पनि त्यसप्रति प्रतिबद्ध छौं । स्वाभाविकरूपमा रातारात आजको आजै गरिहाल्ने विषय होइन । पहिलो संविधान संशोधनको विषय पहिचान गर्नुपर्ने छ । त्यसपछि दलहरूको बीचमा छलफलको विषय छ । यो कुनै बहुमत वा अल्पमतको विषय होइन । संसद्को आमसहमतिको विषय हो । त्यही हिसाबले जानुपर्छ भन्ने सरकारको बुझाइ हो ।

संघीयतालाई सुदृढ गर्ने भनेको संविधानमा जे व्यवस्था छ, त्यो कार्यान्वयन गर्ने कुरा हो । अहिले स्थानीय, प्रदेश र संघीय तहको बीचमा आपसी समन्वय र सहकार्य भएको छ । सम्बन्धित तहले गर्नुपर्ने परिभाषित अभिभाराहरू एक साथ समन्वयात्मक ढंगले गरिएको छ । आ-आफ्नो क्षेत्राधिकारको विषयमा संविधानको अधिकारको सूची संविधानले निर्धारण गरेको छ । कुन तहको कर्तव्य के हो भन्ने कुरा पनि संविधानमा उल्लेख छ । त्यसअनुसार सरकारले काम गरेको छ । यद्यपि, नेपालको सन्दर्भमा संघीयताको अभ्यास नयाँ हो । संघीयताको अभ्यासका क्रममा केही सबल, केही दुर्वल अनुभव हामीले प्राप्त गरेका छौं । सबल अनुभवलाई सुदृढ गर्दै जाने हो । कमजोरीलाई सच्याउँदै जानुको विकल्प छैन ।

आर्यघाटमा विसर्जन गरिसकेको लास ब्युँतेर आउने कुरा जति असम्भव छ, पुरानो व्यवस्था ब्युँतिने कुरा पनि त्यति नै असम्भव छ । अहिले राजतन्त्रको कुरा गर्नु भनेको समाजको अग्रगतिलाई रोक्ने कोसिसमात्र हो । नेपालमा राजतन्त्र अहिले होइन, कहिल्यै पनि आउँदैन । जन्मकै आधारमा राजा हुने कुरा न जीव विज्ञानसँग मेल खान्छ, न समाज विज्ञानसँग मेल खान्छ । यो प्रकृतिको नियमसँग पनि मेल खाँदैन । अझ सामाजिक सञ्जालको दुरूपयोग गरेर एउटा उच्चतम राजनीतिक प्रणालीमाथि आक्रमण गरिनु अशोभनीय विषय हो ।

निराशा समस्याको समाधान होइन । हामीले यस्तो प्रणाली विकास गरेका छौं कि, हर कसैको मूल्यांकन हुन्छ । राजनीतिक पार्टी र पार्टीका नेताको पनि आवधिक निर्वाचनमार्फत मूल्यांकन हुन्छ । जनताले निर्वाचित गरेका जनप्रतिनिधिले शासन सञ्चालन गर्ने, जनप्रतिनिधिको मूल्यांकन स्वयं जनताले गर्ने खालको प्रणालीको विकास भएको छ । त्यसकारण हामी उन्नत लोकतान्त्रिक अभ्यासमा छौं । उन्नत संविधान हामीसँग छ ।

संविधानले परिकल्पना गरेका संरचना हामीसँग छन् । राज्यका समग्र प्रणाली कमजोर अवस्थामा छैनन् अर्थात् कामै नलाग्ने अवस्थामा हाम्रो राज्यप्रणाली पुगेको छैन, खबरदारी गर्न सकिन्छ तर भड्काउन हुन्न । देशलाई विकसित गर्न सकिन्छ भन्ने आत्मविश्वासका साथ हामी सबै अगाडि बढ्नुपर्छ । त्यसकारण सरकारले गरेका राम्रा कामहरूमा साथ, समर्थन र सहयोगका निम्ति सबैलाई हार्दिक रूपमा आग्रह गर्न चाहन्छु । यो सरकारले देशलाई विकास, समृद्धितर्फ र सामाजिक न्यायतर्फ लिएर जान्छ भन्ने कुरामा विश्वास गर्न सबैलाई आग्रह गर्न चाहन्छु ।

***(उपप्रधान तथा अर्थमन्त्री पौडेलसँग राससले गरेको कुराकानीमा आधारित)***

श्रम सरोकार

## वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।




✍ बैकुण्ठ भण्डारी



# न्याय नपाए कहाँ जानु ?

सानैमा किताबमा पढेको थिएँ 'न्याय नपाए गोर्खा जानू' । गोर्खाका राजा राम शाहले प्रजाहरूलाई दिने न्यायको लोकप्रियताका कारण त्यसलाई उखान नै बनाए । गोर्खामा न्याय दिने राम शाह पनि छैनन् अहिले तर उखान जिउँदै छ ।

राम शाहले चौतारामा बसेर दिने गरेको न्याय सर्दैसर्दै गएर पञ्चभेलाहुँदै अहिले गणतन्त्रमा पालिकाको उपप्रमुख वा उपाध्यक्षसम्म आइपुगेको छ । संविधानले न्यायको पहुँच सहज बनाउनकै लागि त्यसो गरेको होला तर त्यसो हुनै सकेन । रामराज्य बन्नै सकेन ।

*'यो आकाश र धरतीबीचको कुहिरो हटाइदेऊ तिमी,*
*पुस माघ महिनाको जस्तो पारिलो घाम बनेर आऊ तिमी'*

भन्दै तात्कालीन रानी ऐश्वर्यले लेखेको कविताले पनि बिचौलिया छन् भन्ने संकेत नगरेको त कहाँ हो र ? 'अहिले न्याय हराएको छ । न्याय मरिसकेको छ । न्याय पावर, पैसा र पदमा बिकिसकेको छ,' निराश अनुहार, चाउरिएको गाला लिएर सेतै फुलेका जिङग्रिङ परेका कपाल मुसार्दै कालोकोटेको दैलो चहार्दै छन् चिरञ्जीवी काका ।

उमेर त चार बीस हुनै लागिसक्यो । तर उनले आधा उमेर त त्यही न्याय खोज्दाखोज्दै बिताए । संसार जितौंला । साँच्चै आफ्नो ठाउँलाई राम शाहको जस्तै रामराज्य बनाउनुपर्छ भनेर हिंडेका थिए चिरञ्जीवी । तर समयले यसरी कोल्टे फेरिदियो उनी नखाएको 'विष'ले लागेर लठ्िएका छन् ।

अलौकिक प्रतिभा छ चिरञ्जीवी काकामा । तर उनीसँग एउटामात्र प्रतिभा भएन, झूठको खेती, भ्रमको जालो र गणेश प्रवृत्ति । त्यही कारण पनि आज उनी न्याय खोज्न भौतिरिएर हिंडेका छन् । कान कम सुन्ने भइसके । सायद बिर्सने रोगले पनि अलिअलि च्यापेको छ । भुसक्कै बिर्सन्छन् । भर्खरै तातोपानी खान जाऊ भनेर च्याप्प हात समातेर साइँलाको पसलमा एकघण्टा के-के सुनाएका थिए । न्याय गाउँमा पुग्यो भन्थे, होइन रहेछ । न्याय त 'कार्जेकर्ता'लाई मात्र रहेछ बुझिस् कान्छा ? भनेर आँखा रसिलो पारे ।

म अलमल्ल परेँ । न हो भनुँ न होइन भनुँ । काकाको पीडा आफैंले नभोगेको भए पनि महसुस गरेको थिएँ । रोग त उही थियो । कसलाई भनेर के पो हुन्छ ! मन बिसाउने ठाउँ नै थिएन । तैपनि अनुहारमा निकै फूर्ति लगाएर काकालाई भनेँ, 'हो काका यस्तै हो, हामीले ल्याएको प्रजातन्त्र गणतन्त्र भनेकै यस्तै हो ।' काकाले पावरवाला चश्मा टेबलमा राखेर सेता दाँत देखाएर मुस्कुराएँ ।

काकाको अनुहारमा हाँसो देखेपछि अनायासै मेरो आँखा रसाए । आँसु भित्रभित्र दबाउन खोजेँ । हाँसोभित्रै आँसु निकालेर त्यसलाई पचाइदिए । काकाले दुवै हातले मेरो दाहिने हात समाए । 'मैले बुझेको छु । मेरो जन्मभूमिमा हामीले न्याय पाउँदैनौं कान्छा,' भुइँमा हेरेर मुण्टो हल्लाउँदै काकाले दुई थोपा आँसु तुरुक्क झारे, अनि ठूलो स्वरले हाँसेर भने, 'ल भन अब के खाने ?'

मैले भनेँ, 'होइन, केही नखाने । भर्खर त खाएँ त ! अब के खानु, भयो बरु जाउँ ।'

'धत् लाटा, यहाँ दुनियाँले देशै खाइसके, तँ भने जाबो एक-दुई प्लेट जलेवी खान पनि डराउँछस् !,' काकाले साहुजीलाई बोलाए ।

'हजुर भन्नुस्, अब के ल्याउँ ?'

यहाँ तात्तातो के बन्छ त्यही ल्याउनूस् ।

'हजुर तात्तातो त उही चियामात्र... कि त जलेवी बन्छ,' साहुजीले भने ।

'त्यसो भए त्यही ल्याउनूस्,' काकाले निर्देशन दिए ।

'ल भन्नोस्, काका त्यसो भए अब के गर्नुहुन्छ ?,' मैले सोधेँ ।

'अब केही नगर्ने । धाइरहने, बसिरहने । जो आउँछ मज्जाले पचाउँछ भन्ने पुर्पुरोमा हात राखेर सतीले सरापेको देश भन्ने, आफैंले आफैंलाई धिक्कार्ने,' काकाले जवाफ एकै चोटीमा सिध्याइदिए ।

अनि काकाले सोधे, 'होइन हो कान्छा । हाम्रो समाज कता जाँदै छ हो ?'

'काकाले पनि के-के सोध्छन्, सोध्छन् ? अब समाज कता जाँदै छ, देश कता जाँदै छ ? भन्ने कुरा मलाई के था ? म आफैं कहाँ जाँदै छु भन्ने कुरा त थाहा छैन,' मैले पनि फचाट्ट जवाफ दिएँ ।

'ओहो ! राम्ऽ राम्ऽ राम । वडादेखि, जिल्ला, उच्च हुँदै सर्वोच्चसम्म पुग्दा पनि न्यायका लागि भिख माग्नेहरूको चाङ । यस्तो पनि कतै हुन्छ ?,' काकाले सुनाए ।

'ल काका, हुन्छ त ? त्यही देखेर आउनुभयो होइन ? अनि भएन त ? अन्त नभए पनि हाम्रो देशमा हुन्छ । नीतिले चलेको देशमा पो हुँदैन । हाम्रोजस्तो निर्देशनमा चलेको देशमा जे पनि हुन्छ । त्यही भएर अन्याय सहेर बस्ने । पहुँच, पावर, पैसा र पद छ भने न्याय माग्ने होइन भने हरेराम्ऽ हरेकृष्ण भन्ने बस्ने । मैले पनि कति टाउको दुखाउनु भनेर भन्दिएँ । काका रिसाऊन् कि खुसाऊन् मतलबै गरिनँ ।

ऊ बेला न्याय पाइएन भने कम्तीमा बिन्ती बिसाउने ठाउँ त थियो नि ? तर अहिले त त्यो बिन्ती बिसाउने ठाउँ पनि रहेन । अचम्म लाग्छ बा !,' काकाले फेरि के सम्झिए ।

'त्यो त हो । तर अहिले पनि छ बिन्ती बिसाउने ठाउँ । काकालाई थाहै रहेनछ !,' मैले हाँसोमा भनेँ ।

'कहाँ छ त ?,' काकाले निकै उत्सुकताका साथ सोधे ।

'हचा, भन्दिनँ म तपाईंलाई । भनेको मान्छेले त बुझ्दैनन् । मन खोलेर सारा बिन्ती बिसाउँदा त नबुझेको जस्तो गर्छन् । त्यही भएर मैले त अब भन्नै छाडिदिएँ । सबै कुरालाई हाँसोमा उडाइदिने । न्याय भन्ने कुरा लिनेले लिन जान्नपर्‍यो दिनेले दिन जान्न पर्‍यो । त्यही हो,' काकाले फकाउँदै भने, 'ओइ कान्छा भन न हो भन ।'

'के भन्ने हो ! उहाँ देशै खाइसके, तपाईं त्यही न्यायको पछि लागिरहनुभएको । अब बिन्ती नै बिसाउने न्याय खोज्ने हो भने कि दक्षिण जानू कि उत्तर जानू ! त्यो पनि सक्नु भएन भने पहेँलो बस्त्र लगाएर काशी जानू !'

मेरो कुरा सुनेर काका ट्वाँ !!



**पूजाअर्चना गर्दै भक्तजन** | दाङको घोराही उपमहानगरपालिका–५ धारापानीस्थित पाण्डवेश्वर महादेव मन्दिरमा साउनको पहिलो सोमबार पूजाअर्चना गर्दै भक्तजन । *तस्बिरः रञ्जिता अधिकारी/रासस*

# दुई दशकदेखि राजमार्गको पुलमुनि बास

**दोधारा चाँदनी (कञ्चनपुर)**– यहाँको शुक्लाफाँटा नगरपालिका-११ का दलबहादुर बोहरा दुई दशकदेखि पूर्वपश्चिम राजमार्गको बनहरा पुलमुनि बस्दै आएका छन् ।

डडेलधुराको आलितालमा पहिरोले घर खेत बगाएपछि विस्थापित भएका बोहरा २०६२ सालदेखि बनहरा पुलको ओत लागेर बस्न थालेका हुन् । 'सम्पत्तिका नाममा केही छैन गरिखान मजदुरी गर्न कहिले मिल्छ कहिले मिल्दैन,' बोहराले दुःखेसो गर्दै भने, 'यो पुलमुनि ओत लागेर बस्न थालेको २० वर्ष भयो ।'



बोहरामात्रै होइनन् । २८ परिवारले पुलमुनि जीवन बिताउँदै आएका छन् । यहाँ बसोबास गर्नेले पुल छेउमै पाल टाँगेर टहरा बनाएका छन् । बनहरा नदीमा आउने बाढीबाट बच्न अग्लो स्थानमा पाल टाँगेर अस्थायीरूपमा बस्ने ठाउँ बनाएको बोहराको भनाइ छ । 'हिउँदमा जेनतेन दिन बित्छ तर वर्षात्को समय निकै कष्टपूर्ण हुन्छ,' उनले भने, 'बाढी आउने डरले राजमार्गको अग्लो स्थानमा पाल टाँगेर बसेका छौं ।'

उनले मुलुकमा व्यवस्था परिवर्तन भए पनि सरकारले आफूहरूको सुरक्षित बासको व्यवस्था गर्न नसकेको गुनासो गरे । 'वर्षात्मा बाढीको डर, जंगली जनावरको र सर्पको डरैडरमा बस्नुपरेको छ, बालबच्चा जोगाउनै मुस्किल छ,' उनले भने, 'गाउँगाउँमा सिंहदरबार आयो भन्छन्, हामीले त्यो महसुस गरेका छैनौं ।'

राजमार्ग छेउमै टहरा बनाएर बसेका लक्ष्मण विष्टको अवस्था उस्तै छ । 'राजमार्गमा संघीयदेखि स्थानीय तहका जिम्मेवार पदाधिकारी गाडीमा ओहरदोहर गरिरहन्छन् । हाम्रो पीडा कसैले बुझ्दैनन्,' विष्टले भने, 'वडा र नगरपालिकामा हामीलाई सुरक्षित बासको व्यवस्था गरिदेऊ भन्छौं, कसैले सुन्दैनन् ।' उनले सरकारले आफूहरूको सुरक्षित स्थानमा बस्ने व्यवस्थापन गरिदिए मजदुरी गरेर जीविकोपार्जन गर्ने बताए ।

प्रायः मजदुरी गरेर जीविकोपार्जन गर्दै आएका यहाँका सुकुम्वासी पछिल्लो समय मजदुरी गर्न नपाएको गुनासो गर्छन् । 'म १७ वर्षको उमेरमा रोजगारीका लागि भारत गएको हुँ । त्यहाँ केही सीप नचलेर यहाँ आएँ,' सुकुम्वासी बस्तीका प्रेमबहादुर साउदले भने, 'अहिले यहाँ मजदुरी गरौं भने पनि पाइँदैन परिवारको साँझ बिहानको छाक टार्नै मुस्किल छ ।' उनी १३ वर्ष भारतमा मजदुरी गरेर नेपाल फर्किएका हुन् ।

दुई दशकदेखि घनघोर जंगल र पुलको छेउमा बसोबास गर्दै आए पनि आफूहरूको पुनर्स्थापनाको चासो सरकारले नदिएको उनको गुनासो छ । त्यसैगरी यहाँ बस्दै आएका तुलाराम बोहराले सुरक्षित बसोबासको आश गरेको दुई दशक बितेको छ ।

निर्वाचनका समयमा आउने नेताहरूले सुरक्षित बसोबासको व्यवस्था गर्ने वाचा गरेको एक दशक बितेको उनी बताउँछन् । 'आश्वासन दिएर जान्छन् । त्यसपछि अर्को निर्वाचनसम्म देखिँदैनन्,' उनले भने, 'यहाँका बालबालिकाले विद्यालय जान पाएका छैनन् ।' सरकारले माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्ने भने पनि विभिन्न बहानामा लिइने शुल्क तिर्न नसक्दा यहाँका बालबालिका पढाइबाट वञ्चित छन् । शुक्लाफाँटा नगरपालिकाले सुकुम्वासीहरूलाई निस्सा वितरण गरे पनि आवासका लागि जग्गा उपलब्ध गराउन सकेको छैन । *रासस*

## बुटवलमा एउटै छानामुनी विशेषज्ञ स्वास्थ्य सेवा

■ **प्रभाव संवाददाता**

**बुटवल (रूपन्देही)**– बुटवल-६ स्थित मैत्रीपथमा 'नागरिक मल्टीस्पेसिलिटी हेल्थ सेण्टर' सञ्चालनमा आएको छ । बुटवललगायत पश्चिम नेपालका विभिन्न जिल्लाका बिरामीहरूलाई एकै ठाउँमा सहज र गुणस्तरीय विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले हेल्थ सेण्टर सञ्चालनमा ल्याइएको हेल्थ सेण्टरका अध्यक्ष मेघदेव पन्तले जानकारी दिए ।

बिरामीको उत्कृष्ट उपचारका साथै बिरामीहरूलाई विश्वासिलो ल्याब र सहुलियत मूल्यमा औषधिको व्यवस्था गरिने उनले बताए । एकै ठाउँमा सबै रोगको विशेषज्ञ सेवा सञ्चालनमा आएसँगै यस भेगका बिरामीहरूलाई उपचारका लागि अन्यत्र जानुपर्ने र महँगो खर्च गर्नुपर्ने बाध्यता हट्ने विश्वास गरिएको छ ।

सातजना युवा चिकित्सकरूको करिब एक करोड रूपैयाँको लगानीमा सञ्चालनमा आएको नागरिक हेल्थ सेण्टरमा विभिन्न रोगका एक दर्जनभन्दा बढी विशेषज्ञ डाक्टरले सेवा प्रदान गर्ने जानकारी दिइएको छ । सेण्टरमा वरिष्ठ फिजिसियन तथा रक्तरोग विशेषज्ञ डा. विक्रम कार्की, वरिष्ठ बालरोग विशेषज्ञ डा. सन्तोष पोखरेल, वरिष्ठ फिजिसियन तथा मिर्गौला रोग विशेषज्ञ डा. जगदिश पाण्डे, वरिष्ठ प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. शर्मिला शर्मा, सुगर, प्रेसर, थाइराइड, पेट, छाती, दम तथा मुटुरोग विशेषज्ञ डा. आयुष्मा गौतम, वरिष्ठ मधुमेह, थाइराइड तथा हर्मोनरोग विशेषज्ञ डा. सुमन सिम्खडा, वरिष्ठ क्यान्सर रोग विशेषज्ञ डा. लोकेन्द्र कुँवरले सेवा प्रदान गर्ने छन् ।

यस्तै, ल्याप्रोस्कोपिक शल्यचिकित्सक डा. नवीन श्रेष्ठ, हाडजोर्नी नशा तथा बाथरोग विशेषज्ञ डा. सम्राट पराजुली, सुगर, प्रेसर, थाइराइड, पेट, छाती, दम तथा मुटुरोग विशेषज्ञ डा. कपिल गौतम, बालरोग विशेषज्ञ डा. जगदिश कुँवर, नाक, कान, घाँटीरोग विशेषज्ञ डा. देवेन्द्रराज बेलबासेलगायतले बिरामीहरूलाई सेवा प्रदान गर्ने छन् । शुभारम्भका अवसरमा सोमबार रक्तदान कार्यक्रमसमेत आयोजना गरिएको थियो । उक्त रक्तदानमा ३० युनिट रगत संकलन गरी रक्तसञ्चार केन्द्र बुटवललाई हस्तान्तरण गरिएको डा. सम्राट पराजुलीले जानकारी दिए ।

## मनास्लु पदमार्गमा जथाभावी फोहोर नफाल्न आग्रह

**गोरखा (प्रस)**- उत्तरी गोरखाको मनास्लु पदमार्गमा निस्कने फोहोर संकलन र व्यस्थापनका लागि विभिन्न ४० स्थानमा 'डस्टबिन' राखिएको छ ।

स्थानीयवासीको सहभागितामा फोहोर व्यवस्थापनका लागि पदमार्गमा 'डस्टबिन' राखिएको मनास्लु संरक्षण क्षेत्र आयोजना कार्यालय (एमक्याप) गोरखाका प्रमुख सन्तोष शेरचनले जानकारी दिए । पदमार्गलाई सफा, सुन्दर र सुरक्षित राख्न ठाउँठाउँमा डस्टबिन राखिएको हो । फोहोर व्यवस्थापनबाट वातावरण संरक्षणमासमेत सहयोग पुग्ने उनको भनाइ छ ।

प्रमुख शेरचनले भने, 'त्यहाँ घुम्न पर्यटकले जथभावी फोहोर फयाँक्ने गर्दा मनास्लु लार्केपास पदमार्गमा जथाभावी फोहोर देखिने गरेको छ । त्यसलाई व्यवस्थित र प्रभावकारी व्यवस्थापनका लागि ठाउँठाउँमा डस्टबिन राखिएको छ ।'

मनास्लु पदमार्गमा पानीको बोतल, बिस्कुट चाउचाउका खोललगायतका फोहोर यत्रतत्र देखिने गरेका थिए । 'अब फोहोरको उचित व्यवस्थापनमा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ,' प्रमुख शेरचनले भने, 'स्थानीयवासी सबै मिलेर पदमार्गमा पुगेका पर्यटकलाई बाटोमा फोहोर फाल्न नदिने र डस्टबिनमा फाल्ने बानीलाई प्रोत्साहन गर्नसके फोहोर व्यवस्थापनमा निक्कै सहज हुने छ ।'

उनका अनुसार डस्टबिन राख्नुअघि आयोजना कार्यालयले स्थानीय सरोकारवाला, आमा समूहलगायतसँग कार्यक्रमको प्रभावकारितालगायतको विषयमा छलफलसमेत गरेको थियो । स्थानीयवासी लक्ष्मी गुरुङले पदमार्गमा राखिएका डस्टबिनले पदयात्रामा आउने पर्यटकलाई पनि राम्रो सन्देश दिने बताइन् । उनले भनिन्, 'पदमार्ग वरपर फोहोरको समस्या बढ्दै गएको थियो । अहिले डस्टबिन राखिएपछि जथाभावी फोहोर फाल्नु हुँदैन भन्ने परेको छ ।'

कार्यालयले स्थानीयवासीलाई फोहोर व्यवस्थापन, पुनः प्रयोग र रिसाइकलको विषयमा अभिमुखीकरण कार्यक्रमसमेत सञ्चालन गरिएको छ । मनास्लु पदमार्गमा एक वर्षमा १२ हजारभन्दा बढी विदेशी पर्यटक घुम्न पुग्ने गर्दछन् ।

**बागलुङ नगर अस्पताल भवन निर्माणमा ढिलासुस्ती**

# दुई वर्षमा सक्नुपर्ने चार वर्षमा आधा काम

**गलकोट (बागलुङ)**– निर्माण व्यवसायीले काम जारी नराख्दा १५ शयचाको बागलुङ नगर अस्पताल भवन निर्माण अन्योलमा देखिएको छ । अहिले निर्माणधीन अस्पताल भवनमा घाँस उम्रिन थालेको छ । अस्पताल भवन निर्माण थालिएको चार वर्ष लाग्दा अस्पतालको जम्मा ५६ प्रतिशतमात्रै भौतिक प्रगति देखिएको छ ।



निर्माणमा ढिलासुस्ती भएका कारण अस्पतालका रडमा खिया लागेको छ, भने भित्तामा घाँस उम्रेको पाइएको छ । दुई वर्षमा सक्ने भनेको भवनको सम्झौता तीनपटक म्याद थप्दासमेत अझै सम्पन्न नभएको बागलुङ नगरपालिकाले जनाएको छ ।

भवन निर्माणका लागि तेस्रोपटक २०८३ असार १९ गतेसम्म म्याद थपेको बागलुङ नगरपालिकाले जनाएको छ । पटक-पटक ताकेता गर्दासमेत भवन निर्माण सम्पन्न नभएको र संघीय बजेट भएकाले बाध्य भएर म्याद थप गरेको बागलुङ नगरपालिकाका इञ्जिनियर सोबिन घर्तीले जानकारी दिए । उनका अनुसार निर्माण व्यवसायीले नगरपालिकाबाट गरेको फोनसमेत नउठाउने गरेको पाइएको बताए । उनले नगरपालिकाले चेतावनीपत्र पठाउने तयारी थालेको उनको भनाइ छ ।

पटक-पटक म्यादमात्रै थपेर निर्माण व्यवसायी फर्केको जनाउँदै अहिले अस्पताल भवनमा इँटा झारेर काम नगरेको पाइएको हो । अस्पताल भवन निर्माणमा ढलानको काम मात्रै सकेर पर्खालको काम बीचमै निर्माण व्यवसायीले अलपत्र पारेर छोडेको छ । १२ करोड रूपैयाँको भवनमा फाट्टफुट्ट कामदार लिएर काम गर्दा भवनले गति नलिएको हो । भवनको ५६ प्रतिशत भौतिक र ५२ प्रतिशत वित्तीय प्रगति भएको इञ्जिनियर घर्तीको भनाइ छ ।

बागलुङ-१३ पैँयुपाटामा निर्माणाधीन १५ शयचाको बागलुङ नगर अस्पताल दुई वर्षभित्र निर्माण सक्नेगरी २०७८ मा सम्झौता भएको थियो । बागलुङ नगरपालिकाका इञ्जिनियर सोविन घर्तीका अनुसार २०८० असार २० गते निर्माण सकेर हस्तान्तरण गर्नेगरी सम्झौता भए पनि तीनपटक म्याद थप हुँदासमेत ५६ प्रतिशत प्रगति भएको बताए । बागलुङ नगरपालिकाले अस्पताल भवन निर्माणका लागि १२ करोड ८७ लाख रूपैयाँमा श्री महालक्ष्मी/जुगल जेभीसँग २०७८ असार २३ गते सम्झौता गरेको थियो ।

काम गरेको भुक्तानी समयमै नपाएको, कच्चा सामग्री आयातमा सडकको अवरोध रहेका कारण निर्माणमा ढिलाइ भएको निर्माण व्यवसायी नरेश ओझाले जानकारी दिए । 'काम गर्दा समयमै भुक्तानी पाइँदैन बर्खामा सामग्री ढुवानीमा समस्या हुन्छ, गलुवाको पहिरोका कारण अहिले इँटा ढुवानीमा समस्या भएको छ,' ओझाले भने ।

छ महिनाभित्र काम सक्नेगरी निर्माणलाई तीव्रता दिने निर्माण व्यवसायीको भनाइ छ । स्वास्थ्यचौकीलाई स्तरोन्नति गरी नगर अस्पताल बनाएर सेवा दिए पनि भवन अभावले समस्यामा परेको छ । निर्माण व्यवसायीलाई ताकेता गरिरहेको भए पनि काममा आउने फर्कने र पाँच/छजना कामदारमात्रै खटाउने गरेको बागलुङ नगरपालिका-१३ का वडाध्यक्ष नारायण पौडेलले बताए ।

निर्माण व्यवसायीको ढिलासुस्तीका कारण अस्पताल भवन निर्माण कहिले सकिने टुंगो लाग्न नसकेको हो । सरकारले प्रत्येक पालिकामा १५, १० र पाँच शयचाको आधारभूत अस्पताल निर्माण गर्ने लक्ष्यअनुसार नगर अस्पताल निर्माण थालिएको थियो । अस्पतालको प्रवेशद्वार, पार्किङलगायत संरचनासहित तीन तलाको विद्युतीय भऱ्याङसहितको अस्पताल निर्माण गर्ने सम्झौतामा उल्लेख छ ।

बागलुङ नगरपालिकाको रायडाँडा, पैँयुपाटा, अमलाचौर र नारायणस्थनका बासिन्दालाई अस्पताल निर्माणसँगै स्वास्थ्य सेवा लिन सहज हुनेगरी नगर अस्पताल घोषणा गरेर सेवा दिन थाले पनि भवन निर्माणमा ढिलाइ हुँदा पूर्ण सेवा दिन नसकिएको हो । *रासस*

## कर्णालीमा अझै ५० ठाउँमा तुइन

**सुर्खेत (प्रस)**– तुइन हटाउने नीति लिएको कर्णाली प्रदेशले तथ्यांक संकलन गरेको छ । प्रदेशका १० जिल्लाबाट संकलित तथ्यांकअनुसार ५० वटा तुइन रहेको प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयका सिनियर डिभिजनल इञ्जिनियर रमेश सुवेदीले जानकारी दिए ।

तुइन विस्थापित गर्दै झोलुंगे पुल निर्माण गर्ने योजनाअनुरूप विवरण माग गरिएको थियो । प्रदेशका १० मध्ये सातवटा जिल्लामा रहेका तुइनको विवरण मन्त्रालयलाई प्राप्त भएको हो । पूर्वाधार विकास कार्यालयबाट माग गरिएको विवरणअनुसार ५० वटा तुइन भएको विवरण प्राप्त भएको मन्त्रालयका प्रवक्ता सुवेदीले जानकारी दिए ।

संकलन गरिएको विवरणअनुसार सबैभन्दा धेरै तुइन हुम्लामा रहेको छ । हुम्लामा १५ वटा तुइन रहेको विवरणमा उल्लेख छ । हुम्लामा कर्णाली नदीमाथि छ वटा तुइन रहेको जनाइएको छ । यसैगरी कालीकोटमा १२, जाजरकोटमा १२, दैलेखमा दुई, मुगुमा दुई, डोल्पामा तीन र सुर्खेतमा आठवटा तुइन रहेको विवरण प्राप्त भएको छ । दैलेख, जुम्ला र रुकुम पश्चिमबाट विवरण प्राप्त नभएको जनाइएको छ ।

प्रदेश सरकारले चालु आर्थिक वर्षमा कर्णालीलाई तुइनमुक्त बनाउने नीति लिएको छ । नीति तथा कार्यक्रममा यो योजना समेटेर बजेटसमेत विनियोजन गरिएको छ ।

**कुवेतमा रोजगार** कम्पनी : AHL AL-KHALEEJ CO.FOR TRADING & CONTRACTING

पूर्व स्वीकृति मिति : २०८०/११/०१ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०४/०५ | LT. No. 299967 | चलानी नं. ६०२१४८८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver | 3 | 0 | 200 | ९०,२८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Equipment Operator | 20 | 0 | 200 | ९०,२८८ | | | | | | | |
| 3 | Mechanic | 1 | 0 | 200 | ९०,२८८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १३ गते (29th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Swift Gurkha International Pvt. Ltd.
श्रम इजाजत नं. ५५९/०६२/०६३
Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534

**युएइ/कतारमा रोजगार** कम्पनी : INTERMASS ENGINEERING & CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८२/०४/०५ | LT. No. 327294 | चलानी नं. ६०२४१२४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONCRETE MASON | 56 | 0 | 1500 | ५६,३०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 3 | Construction Carpenter | 44 | 0 | 1500 | ५६,३०२ | | | | | | | |
| 4 | Stone Mason | 98 | 0 | 1500 | ५६,३०२ | | | | | | | |

कम्पनी : MADINA GROUP WLL

पूर्व स्वीकृति मिति : २०८२/०४/०५ | LT. No. 327424 | चलानी नं. ६०२४१२४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 4 | 0 | 1400 | ५२,८६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labourer / Helpers | 10 | 0 | 1000 | ३७,७६३ | | | | | | | |
| 3 | PETROCHEMICALS | 30 | 0 | 1000 | ३७,७६३ | | | | | | | |
| 4 | Supervisor | 5 | 0 | 3000 | १,१३,२८८ | | | | | | | |
| 5 | Technician | 21 | 0 | 1200 | ४५,३१६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १३ गते (29th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 407/060/61
Seagull International Global H.R. Consultants Pvt. Ltd.
Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9808818851, 9816060051, 9851015421, 9746458492, 9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np

**युएइमा रोजगार** कम्पनी : AL ROWAD ALUMINUM AND GLASS WORKS LLC

पूर्व स्वीकृति मिति : २०८२/०४/०५ | LT. No. 327088 | चलानी नं. ६०२४१२५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 2 | Finishing Carpenter | 5 | 0 | 1500 | ५६,३०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 3 | Glass Modular | 2 | 0 | 1300 | ४८,७९५ | | | | | | | |
| 4 | Steel Fixer(3 Yr Experience) | 5 | 0 | 1300 | ४८,७९५ | | | | | | | |
| 5 | Stevedores Labors | 3 | 0 | 1300 | ४८,७९५ | | | | | | | |
| 6 | Welder (3Yr Experience) | 5 | 0 | 1500 | ५६,३०२ | | | | | | | |

कम्पनी : APEX ALWATANIAH CATERING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/०४/०५ | LT. No. 327089 | चलानी नं. ६०२४१२५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BAKER | 30 | 0 | 1500 | ५६,३०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Catering Manager | 5 | 0 | 6000 | २,२५,२०८ | | | | | | | |
| 3 | Confectioners | 0 | 20 | 1600 | ६०,०५६ | | | | | | | |
| 4 | Executive Secretary | 0 | 5 | 1800 | ६७,५६३ | | | | | | | |
| 5 | General Cook | 20 | 0 | 2500 | ९३,८३७ | | | | | | | |
| 6 | Head Chef | 10 | 0 | 4000 | १,५०,१३९ | | | | | | | |
| 7 | Housekeeping Supervisor | 0 | 15 | 2000 | ७५,०७० | | | | | | | |
| 8 | Receptionist | 20 | 0 | 1800 | ६७,५६३ | | | | | | | |
| 9 | Storekeeper | 20 | 0 | 2500 | ९३,८३७ | | | | | | | |
| 10 | Waiters | 30 | 0 | 1600 | ६०,०५६ | | | | | | | |
| 11 | Waitress | 0 | 25 | 1600 | ६०,०५६ | | | | | | | |

कम्पनी : SECURIGUARD MIDDLE EAST - L.L.C - O.P.C

पूर्व स्वीकृति मिति : २०८२/०४/०५ | LT. No. 327182 | चलानी नं. ६०२४१२४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners Female | 0 | 20 | 1000 | ३७,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaners Male | 50 | 0 | 1000 | ३७,५३५ | | | | | | | |
| 3 | Female Security Guards-PSBD | 0 | 20 | 2000 | ७५,००७० | | | | | | | |
| 4 | Male Security Guard-PSBD | 110 | 0 | 2000 | ७५,००७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १३ गते (29th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1728/081/82
RELIABLE MANPOWER RECRUITMENT PVT LTD
Sinamangal-9, Kathmandu, Nepal, (50 Meter opposite to Hope Hospital) T: 01-5922931/ 5922932/ 5922934
Email:- reception@reliablemanpowernepal.com, Web: www.reliablemanpowernepal.com

## कोशेढुंगाको 'नत्र भने जिन्दगी व्यर्थ छ' सार्वजनिक

आगामी १२ भदौबाट सार्वजनिक प्रदर्शनमा आउन लागेको फिल्म 'कोशेढुंगा' । फिल्मको पहिलो गीत 'नत्र भने जिन्दगी व्यर्थ छ' सार्वजनिक गरिएको छ । सोमबार आयोजित एक कार्यक्रमकाबिच सार्वजनिक गीतमा खेम सेन्चुरी, समीक्षा अधिकारी र दीपिका मगरको स्वर छ । नेत्र अर्यालको शब्द  र गायक सेन्चुरी स्वयंको संगीत रहेको गीतको भिडियो तीजको सेटअपमा तयार पारिएको छ । गीतको भिडियोमा फिल्मका तीन मुख्य अभिनेत्री ऋचा शर्मा, सुरक्षा पन्त र नीति शाह नृत्य गर्दै देखिएका छन् ।





# फेस अफ नेपाल २०२५ मा छानिए चार विजेता




■ प्रभाव संवाददाता

**काठमाडौं** – सौन्दर्य प्रतियोगिता फेस अफ नेपाल २०२५ का विजेता छानिएका छन् । आयोजक एमएस प्रोडक्सन नेपालले आइतबार साँझ हायात रिजेन्सीमा फिनाले गरेर चार विजेतालाई छनोट गरेको हो ।

जसमा पुरुषतर्फबाट सौगात प्रधान र योगेश शर्मा छन् भने महिलातर्फबाट सदिक्षा श्रेष्ठ र दिव्यश्वरी आचार्य रहेका छन् । चारैजना विजेताहरूले कोरियामा आयोजना हुने फेस अफ एसियाका लागी नेपालबाट प्रतिनिधित्व गर्न पाउनेछन् ।

आउँदो अक्टोबरमा कोरिया जाने तालिका रहेको फेस अफ नेपालकी राष्ट्रिय निर्देशक मेनुका माझीले जानकारी दिइन् ।

माझीले गत वर्ष जस्तै यसवर्ष पनि विजेताहरूले कोरियामा गएर नेपाललाई चिनाउने काम गरेर फर्कनेमा विश्वस्त छिन् । गत वर्षबाट फेस अफ नेपाल एमएस प्रोडक्सन नेपालले आयोजना गर्दै आएको छ । विजेताहरूले १५ लाख बराबरको विभिन्न अवसरसँगै उपहार प्राप्त गरेका छन् ।

फिनालेमा फेस अफ एसियाकी अन्तर्राष्ट्रिय निर्देशक राउल इनली उपस्थित भएकी थिइन् । साथै फिनालेमा जज्को रूपमा अन्तर्राष्ट्रिय निर्देशक राउलसँगै कलाकार तथा उद्घोषिका रिमा विश्वकर्मा, मिस नेपाल २००२ माल्भिका सुब्बा, राष्ट्रिय निर्देशक मेनुका माझी, चलचित्र निर्देशक सरोज पौडेल, व्यवसायी मनिष कुमार खेम्का थिए ।

सेसेमी लिम्बुले होस्ट गरेको फेस अफ नेपालको कोरियोग्राफरको रूपमा दिक्पाल कार्की रहेका थिए भने स्मिता भुसाल र विशाल श्रेष्ठ सहायक कोरियोग्राफर थिए । इभेन्ट म्यानेजरको रूपमा प्रज्ज्वल ताम्राकार र बजार व्यवस्थापन नितु अग्रवाल खेम्काले गरेकी थिइन् । अफिसियल फोटो ग्राफर निशान्त सरकार र अनवेस देवकोटा हुन् ।

# नृत्य निर्देशक थापासहित पाँच जनालाई विकास बोर्डको आर्थिक सहयोग

■ प्रभाव संवाददाता



**काठमाडौं**– चलचित्र विकास बोर्डले विशिष्ट नृत्य निर्देशक भैरवबहादुर थापालाई नगद एक लाख सहयोग गरेको छ । थापालाई उक्त सहयोग चलचित्र विकास बोर्ड अन्तर्गत रहेको चलचित्र कल्याणकारी कोषबाट गरिएको हो । जसको जानकारी बोर्ड अध्यक्ष दिनेश डिसीले सामाजिक सञ्जालबाट दिएका छन् ।

बोर्डका अध्यक्ष दिनेश डिसी, कोषकी संरक्षक वसुन्धरा भुसाल, कलाकार सङ्घका अध्यक्ष मोहन निरौला लगायतले थापाको घरमै पुगेर उक्त सहयोग प्रदान गरेका हुन् ।

कोषका तर्फबाट औषधि उपचार र अन्य खर्च भन्दै डिलबहादुर तामाङलाई तीन हजार, नवीनकाजी राई पचास हजार र राज कुमार जोशीलाई २० हजार र स्व.लक्ष्मी श्रेष्ठ (ज्वाइँ कृष्णबहादुर कार्की मार्फत वितरण) पच्चिस हजार सहयोग समेत गरिएको छ ।

यसअघि पनि चलचित्र कल्याणकारी कोषमार्फत बेलाबेलामा विभिन्न कलाकर्मीलाई सहयोग प्रदान गरिँदै आएको छ ।

# राजेशपायल र पूर्वपत्नी साङबुङबीच सहमति

■ प्रभाव संवाददाता



**काठमाडौं**– गायक राजेशपायल राई र उनकी पूर्व पत्नी साङबुङ राईबीच मिलापत्र भएको छ । दुवैले तीनकुनेस्थित प्रहरी वृत्तमा मिलापत्र गरेका हुन् । साङबुङ राजेशपायलविरुद्ध उजुरी प्रहरीमा दिएपछि दुवैलाई राखेर मिलापत्र गराएको हो ।

दुवैले आपसमा कुरा मिलाएर सहमति गरेको प्रहरी वृत्त तीनकुनेले जनाएको छ । साङबुङको लिखित उजुरीमा राजेशपायलले आफूलाई अप्ठेरो पर्ने खालका क्रियाकलाप र हातपात गरेको तथा धाकधम्की दिएको भन्दै सुरक्षा माग गरिएको थियो । त्यसैबमोजिम प्रहरीले राजेशपायललाई बोलाएर छलफल गराएको हो । छलफलपछि दुवैले एक-अर्काको जीवनमा हस्तक्षेप नगर्ने र झैझगडा नगर्ने प्रतिबद्धता जनाएको प्रहरीले जानकारी दियो ।

केही दिनअघि साङबुङ अनामनगरस्थित घरमा बच्चा लिन जाँदा राजेशपायलले उनलाई दुर्व्यवहार गरेको समाचार मिडियामा छाएको थियो । राजेशपायल र साङबुङका एक मात्र सन्तानका रूपमा नाबालक छोरा छन् । छोरा साङबुङसँग भए पनि उनको सबै खर्च राजेशपायलले गर्छन् ।



**साफ यू-२० महिला च्याम्पियनसिप**

# बंगलादेशसँग ४-० को हार बेहोरेसँगै नेपाल उपविजेतामा सीमित



■ प्रभाव संवाददाता

**काठमाडौं**– बंगलादेशकी स्ट्राइकर सागोरिका एक्लैले चार गोल गरेपछि साफ यू-२० महिला च्याम्पियनसिपको अन्तिम खेलमा बंगलादेशले नेपाललाई फराकिलो अन्तरले हराएको छ ।

नेपाललाई ४-० गोलअन्तरले पराजित गर्दै साविक विजेता बंगलादेशले उपाधि रक्षा गरेको छ भने नेपाल फेरि उपविजेतामै सीमित भएको छ । पहिलो हाफमा १ गोल मात्र बेहोरेको नेपालले दोस्रो हाफमा ३ गोल बेहोरेको हो । बंगलादेशका लागि सागोरिकाले ह्याट्रिकसहित ४ गोल गरिन् ।

खेलको आठौं मिनेटमा सागोरिकाले नेपाली गोलकिपर सुजाता तामाङ अगाडि बढेको अवस्थामा उनलाई बिट गर्दै ओपन पोस्टमा गोल गरेकी थिइन् ।

दोस्रो हाफको ५१औं मिनेटमा दोस्रो गोल गरिन् भने ५८औं मिनेटमा ह्याट्रिक पूरा गरिन् । ७७औं मिनेटमा सागोरिकाले फेरि गोल गर्दै अग्रता ४-० मा पुऱ्याइन् । जित्नैपर्ने दबाबसहित नेपाल मैदानमा उत्रिएको थियो । तर, सो दबाबमा सम्हालिन नसक्दा नेपालले उपाधि बंगलादेशलाई सुम्पिएको थियो ।

उक्त खेलमा नेपालकी डिफेन्डर सिम्रन राईसँगै रातो कार्ड पाएर ३ खेल गुमाए पनि सागोरिकाले उत्कृष्ट पुनरागमन गर्दै एक्लै खेलको नायिका बनिन् । पहिलो खेलमा यी दुवै खेलाडीले रातो कार्ड ब्यहोरेकोले ३/३ खेलमा प्रतिबन्ध र ५०० डलर जरिवाना ब्यहोरेका थिए ।

प्रतियोगितामा बंगलादेश ६ वटै खेल जितेर १८ अंक जोड्दै शीर्षस्थानमा रहेर च्याम्पियन बन्यो । यस्तै नेपालले ४ जित र २ हारसहित १२ अंक मात्र जोडेर दोस्रो भयो ।

नेपालले भुटानलाई ६-१ र ८-० तथा र श्रीलंकालाई दुवै खेलमा ७-० गोलअन्तरले हराएको थियो । नेपाल बंगलादेशसँगको पहिलो खेलमा ३-२ ले पराजित भएको थियो ।

### नेपालकी पूर्णिमा सर्वाधिक गोलकर्ता

नेपाली टोलीकी स्ट्राइकर पूर्णिमा राई साफ महिला यु-२० च्याम्पियनसिपको सर्वाधिक गोलकर्ता बनेकी छन् ।

उनले ६ खेलमा सर्वाधिक १० गोल गरिन् । भुटानविरुद्ध लगातार दुई ह्याट्रिकसहित उनले ७ गोल गरेकी थिइन् । त्यसमाथि श्रीलंकाविरुद्धको खेलमा थप ३ गोल गरेर आफ्नो कुल संख्या १० पुऱ्याएकी हुन् ।

काभा च्याम्पियन्स लिग

## जाएक भिसीमाथि हेल्प नेपालको रोमाञ्चक जित

**काठमाडौं (प्रस)**– माल्दिभ्समा भइरहेको काभा च्याम्पियन्स लिगमा नेपालको हेल्प नेपाल स्पोर्ट्स क्लबले कजाकस्तानको जाएक भिसीमाथि ३-२ को रोमाञ्चक जित हात पारेको छ । यो जितपछि हेल्प नेपालले जाएकको तीन खेलको अपराजित यात्रामा ब्रेक समेत लगाएको छ ।


मालेस्थित सोसल सेन्टरमा भएको निकै प्रतिस्पर्धात्मक र रोमाञ्चक खेलमा हेल्प नेपालले पहिलो सेट २५-२२ ले जित्दै सानदार सुरुवात गरेको थियो । तर जाएकले त्यसपछिका दुई सेट आफ्नो पक्षमा पार्दै खेलमा फर्किएको थियो । जाएकले दोस्रो सेट २५-१८ र तेस्रो सेट २५-२३ ले जितेको थियो ।

त्यसपछि हेल्प नेपालले चौथो सेट आफ्नो पक्षमा पार्दै खेल २-२ को बराबरीमा ल्यायो । चौथो सेट हेल्प नेपालले २५-१८ ले सहजै आफ्नो पक्षमा पारेको थियो । पाँचौ तथा निर्णायक सेट १५-११ ले जित्दै हेल्प नेपालले खेल जितेको हो ।

यो जितपछि हेल्प नेपालले शीर्ष दुईमा रहेर फाइनल खेल्ने सम्भावना समेत बलियो बनाएको छ । प्रतियोगितामा हेल्प नेपालको यो तेस्रो जित हो । चार खेलमा ३ जित र १ हारबाट ८ अंक जोडेको छ । पहिलो हार बेहोरेपनि जाएक ४ खेलबाट १० अंक जोडेर शीर्ष स्थानमा छ ।

हेल्प नेपालले लिग चरणको अन्तिम खेलमा मंगलबार श्रीलंकन क्लब पोर्च अथुरिटीसँग खेल्ने छ ।

# पब्जी 'इ-स्पोर्ट्स विश्वकप'मा नेपालले भाग लिँदै




■ प्रभाव संवाददाता

**काठमाडौं**– नेपालको 'टिम होरा इ-स्पोर्ट्स'ले साउदी अरेबियामा आयोजना हुने पब्जी मोबाईल इ-स्पोर्ट्स विश्वकपमा सहभागिता जनाउने भएको छ । यही साउन ९ गतेदेखि सञ्चालन हुने उक्त प्रतियोगितामा नेपाली पब्जी टोलीले भाग लिन लागेको इ-स्पोर्ट्स सङ्घ नेपाल (ईशान)द्वारा सोमबार आयोजित एक कार्यक्रममा जानकारी दिइयो । सङ्घका अध्यक्ष अन्जन धमला, राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङलगायतले पब्जी मोबाइल इ-स्पोर्ट्स विश्वकप खेल्ने नेपाली टोलीलाई सफलताको शुभकामना दिँदै बिदाइ गरे ।

सदस्य सचिव घिसिङले इ-स्पोर्ट्स खेलमा नेपालले पछिल्लो समय राम्रो सम्भावना देखाएको भन्दै विदेशी भूमिमा नेपाली खेलाडीले राम्रो खेल प्रदर्शन गर्ने विश्वास व्यक्त गरे । पब्जी टोलीमा खेलाडीको रूपमा आकाश राई, शीतल राई, सुप्रिम अधिकारी, उगेन छोपेल लामा, प्रवेश गुरुङ र आयुश लामाले प्रतिस्पर्धा गर्नेछन् । यस्तै, टोलीको व्यवस्थापकमा उमेश बुढथापा, अफिसियलमा सञ्जन गौतम र नवराम श्रेष्ठ सहभागी हुनेछन् ।

काजकिस्तानमा गत महिना भएको पब्जी मोबाईल सुपर लिग सेन्ट्रल तथा साउथ एसियामा दोस्रो स्थानमा रहँदै होरा विश्वकपमा छनोट भएको थियो ।

# फ्रेन्ड्ससँग एनआरटी पराजित

**काठमाडौं (प्रस)**– न्युरोड टिम (एनआरटी)लाई ३-१ ले पराजित गर्दै फ्रेन्ड्स क्लब एन्फा यु-१६ युथ लिगको अंकतालिकामा दोस्रो स्थानमा उक्लिएको छ ।

सोमबार सातदोबाटोस्थित अखिल नेपाल फुटबल संघ (एन्फा) मुख्यालय मैदानमा सम्पन्न दिनको दोस्रो खेलमा फ्रेन्ड्सको जितमा मन्दीप ढुंगेलले दुई तथा सुनिल केसीले एक गोल गरे । एनआरटीका लागि सुनिल घर्तीमगरको गोल सान्त्वना बन्यो ।

जितसँगै सात खेलमा १६ अंक जोड्दै फ्रेन्ड्स मछिन्द्र क्लब र संकटा क्लबलाई उछिन्दै दोस्रो स्थानमा उक्लिएको हो । लिगमा फ्रेन्ड्सको यो पाँचौं जित हो ।

पुछारबाट तेस्रो स्थानमा रहेको एनआरटीको यो चौथो हार हो । सात खेलमा एनआरटीले मात्र पाँच अंक जोडेको छ ।

दिनको पहिलो खेलमा श्री भगवती क्लबलाई ४-२ ले पराजित गर्दै साविक विजेता चर्च ब्वाइज युनाइटेड एन्फा यु-१६ युथ लिगको छैटौं स्थानमा उक्लियो ।

जितसँगै १० अंक जोडेको चर्च ब्वाइजले दुई स्थान सुधारेको हो । यो नतिजासँगै श्री भगवती छ अंक जोड्दै ११औं स्थानमा झऱ्यो ।

# चरम गर्मी लहरले विश्वव्यापीरूपमा जलवायु संकटको चेतावनी

**बेइजिङ–** युरोप र मध्यपूर्वले यस हप्ता अत्यन्त भीषण गर्मीको लहरसँग जुझ्दै गर्दा विश्वव्यापीरूपमा नयाँ गर्मीको लहरको चेतावनी दिइएको छ। भीषण गर्मीको लहरले धेरै देशमा विभिन्न जलवायु संकट सिर्जना गरेको छ।

राष्ट्रिय मौसम विज्ञान सेवाका अनुसार इरानमा आइतबार तेहरानको तापक्रम ४० डिग्री सेल्सियसमा पुगेको छ र यो वर्षको सबैभन्दा तातो हप्तामा ५० डिग्री सेल्सियसभन्दा माथि पुगेको छ। चर्को गर्मीको लहर जारी रहँदा राजधानीलाई आपूर्ति गर्ने बाँध भण्डारहरू 'एक शताब्दीकै सबैभन्दा तल्लो स्तरमा' पुगेको चेतावनी दिँदै तेहरानको पानी प्राधिकरणले बासिन्दाहरूलाई कम्तीमा २० प्रतिशतले खपत घटाउन आग्रह गरेको छ।

तेहरानबाट करिब तीन हजार ५०० किलोमिटर पश्चिममा ग्रिसको राजधानी एथेन्सले पनि यस गर्मीको पहिलो लामो गर्मी लहर सहन गरिरहेको छ। उत्तरी अफ्रिकाबाट आउने तातो हावाको मात्रा यस गर्मीको सुरुमै आइपुगेको छ र ग्रिस र बाल्कनमा तातो गुम्बज बनेको छ। यसले तापमानलाई मौसमी मानकभन्दा १० डिग्री सेल्सियस माथि धकेलेको नेसनल अर्ब्जरभेटरीले बताएको छ।

यस हप्ता औसत उच्च तापक्रम ३८ डिग्री सेल्सियस नजिक पुग्ने र केही क्षेत्रमा ४४ डिग्री सेल्सियसमा पुग्ने पूर्वानुमानका साथ ग्रिक दैनिक द नेसनल हेराल्डले अवस्थालाई 'नरकभन्दा तातो' भनेर वर्णन गरेको छ। यस्तो सुक्खापन, आँधीसँग मिलेर ग्रीसलाई गम्भीर डढेलोमा पारेको छ।

बिहीबार दमकलकर्मीहरूले क्रेट टापुमा डढेलोको सामना गरेका थिए। डढेलोले एक हजारभन्दा बढी मानिसलाई स्थानान्तरण गर्न बाध्य पार्दै जंगल र जैतुनका बगैँचाहरू जलाएको थियो। यसैबीच, एथेन्स नजिकैको नयाँ आगलागी आवासीय क्षेत्रहरूको नजिक खतरनाक रूपमा फैलिएको छ।

अन्यत्र, टर्कीले जुन २६ पछिका १० दिनमा ७६१ वटा डढेलो रेकर्ड गरेको छ। पश्चिमी इजमिर प्रान्त र वरपर भड्किएको आगोले एक वृद्ध पुरुष र एक वन कर्मचारीको ज्यान लिएको छ। युरोपभरि, स्पेन र इटालीलगायत देशहरूमा गर्मीसँग सम्बन्धित कम्तीमा आठ जनाको मृत्यु भएको रिपोर्ट गरिएको छ। युरोप महाद्वीप पनि गर्मीको लहरमा डुबेको छ।

'हामी हाल बलियो उच्च-चाप प्रणालीको प्रभावमा छौं, यसले उत्तर अफ्रिकाबाट आएको तातो हावालाई यस क्षेत्रमाथि फसाएको छ र हामीले देख्न सक्छौं, यसले हामीले महसुस गर्ने तरिकामा निकै ठूलो प्रभाव पारेको छ,' विश्व मौसम विज्ञान संगठनका प्रवक्ता क्लेयर नुलिसले पहिले भनेका थिए। उनले जलवायु परिवर्तनको परिणामस्वरूप मानिसहरूले अधिक बारम्बार र तीव्र गर्मी लहरहरूसँग बाँच्न सिक्नुपर्ने बताए।

युरोपेली संघ (इयू) द्वारा वित्त पोषित कोपर्निकस जलवायु परिवर्तन सेवाले हालैको एउटा लेखमा भनेको छ, 'चरम मौसम घटनाहरूबाट निर्मित वातावरणमा हुने क्षति जलवायु परिवर्तनका कारणमात्र शताब्दीको अन्त्यसम्ममा १० गुणा बढ्ने अनुमान गरिएको छ।' यस्ता व्यापक जलवायु प्रभावहरूले अधिक लचिलोपन निर्माणको महत्त्वलाई उजागर गर्छ भन्दै सेवाले पानी पुनर्चक्रण, वर्षाको पानी र फोहोर पानीको विभाजन, जलवायु-प्रतिरोधी भवन डिजाइन, जोखिम म्यापिङ र प्रारम्भिक चेतावनी प्रणालीजस्ता भौतिक र प्राविधिक उपायहरूको आह्वान गरेको छ।

'सबै क्षेत्र र शासन स्तरहरूमा अनुकूलन आवश्यक छ र कार्यहरूले वर्तमान जलवायु प्रभावहरू र भविष्यका जोखिमहरू विरुद्ध सुरक्षा दुवैलाई सम्बोधन गर्नुपर्दछ,' कोपर्निकस जलवायु परिवर्तन सेवाले भनेको छ। *रासस/सिन्ह्वा*



भारतको जबलपुरमा साउन महिना महिनाको सोमबार 'कंवर यात्रा' को अवसरमा नर्मदा नदीको पवित्र जल ल्याएर भगवान् शिवलाई चढाउँदै हिन्दू भक्तजन। *तस्बिर: एएफपी*

# मुम्बई रेल विष्फोटका अभियुक्तहरूलाई रिहा गर्न आदेश

**नयाँदिल्ली–** बम्बई उच्च अदालतले सोमबार सन् २००६ को मुम्बई रेल विष्फोटमा कथित भूमिकाका लागि ट्रायल कोर्टले दोषी ठहर गरेका सबै १२ जनालाई रिहा गरेको छ। यो फैसला १९ वर्षपछि घोषणा गरिएको हो।

बम्बई उच्च अदालतको विशेष बेञ्चले अभियोजन पक्षले भरोसा गरेको प्रमाण अभियुक्त व्यक्तिहरूलाई दोषी ठहराउन निर्णायक नभएको फैसला गरेपछि अदालतले सबै अभियुक्तहरूलाई तत्काल रिहा गर्न आदेश दिएको छ। यसैबीच शिवसेना सांसद मिलिन्द देवराले सोमबार सन् २००६ को मुम्बई रेल विष्फोटको सम्बन्धमा मुम्बई उच्च अदालतको फैसलालाई स्वीकार गर्न नसक्ने बताएका छन्।



'एक मुम्बईवासीका रूपमा म बम्बई उच्च अदालतको फैसला स्वीकार गर्न सक्दिनँ। सन् २००६ मा म आफैं मुम्बईबाट सांसद थिएँ र मैले गएर त्यो आतंकवादी हमलामा के भयो भनेर हेरेको थिएँ,' उनले भने। उनले महाराष्ट्र सरकारलाई उत्तम वकिल नियुक्त गरेर यस आदेशको विरुद्धमा अपिल गर्न आग्रह गरे। 'म महाराष्ट्र सरकारलाई यस मामिलामा देशका उत्कृष्ट वकिलहरूलाई सकेसम्म चाँडो संलग्न गराउन अपिल गर्दछु र उनीहरूले बम्बई उच्च अदालतको फैसलाविरुद्ध सकेसम्म चाँडो अपिल गर्नुपर्छ,' राज्यसभा सदस्य देवराले भने।

यसैबीच, अखिल भारतीय मजलिस-ए-इत्तेहादुल मुस्लिमीन (एआइएमआइएम) का सांसद असदुद्दीन ओवैसीले पनि सोमबार सफाइको मुद्दा उठाए। उनले यस्ता धेरै मामिलामा अनुसन्धान निकायहरूले जनतालाई निराश पारेको बताए।

'निर्दोष मानिसहरूलाई जेल पठाइन्छ र त्यसपछि, वर्षौंपछि जब उनीहरू जेलबाट रिहा हुन्छन्, त्यहाँ उनीहरूको जीवनको पुनर्निर्माणको कुनै सम्भावना हुँदैन। विगत १७ वर्षदेखि यी अभियुक्तहरू जेलमा छन्। उनीहरू एक दिनका लागि पनि बाहिर निस्किएका छैनन्। उनीहरूको प्रमुख जीवनको अधिकांश भाग बितिसकेको छ,' उनले भने, 'सार्वजनिक आक्रोश भएका यस्ता मामिलामा प्रहरीको दृष्टिकोण सधैं पहिले अपराधीको अनुमान गर्ने र त्यसबाट अगाडि बढ्ने हुन्छ। *रासस/एएनआई*

# बेइजिङमा शिखर सम्मेलनको तयारीमा चीन र इयू

**बेइजिङ–** व्यापारदेखि युक्रेन द्वन्द्वसम्मका विभिन्न विवादलाई सुल्झाउने प्रयास गरिरहेका चीन र युरोपेली संघ (इयू) का शीर्ष नेताहरूले यस साता बेइजिङमा शिखर सम्मेलन गर्ने भएका छन्।

बेइजिङ र ब्रसेल्सले आफ्नो कूटनीतिक सम्बन्ध स्थापनाको ५० औं वार्षिकोत्सव मनाउन तयारी गरिरहेका छन्, तर राज्य अनुदान, बजारमा पहुँच र युद्धकालीन प्रतिबन्धहरूमाथि भएको झगडाले वार्षिकोत्सवलाई कमजोर बनाएको छ। चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले सोमबार युरोपेली परिषद्का अध्यक्ष एण्टोनियो कोस्टा र युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयनले बिहीबार भ्रमण गर्ने पुष्टि गरेका छन्।

बुधबार जापानमा छुट्टै बैठकको समापनपछि कोस्टा र भोन डेर लेयनले बेइजिङमा हुने इयू-चीन शिखर सम्मेलनमा भाग लिने इयूले शुक्रबार बताएपछि यो बयान आएको हो। कोस्टा र भोन डेर लेयनले चिनियाँ राष्ट्रपति सी चिनफिङसँग भेट गर्ने छन्। सीसँग उनीहरूले इयू-चीन सम्बन्ध र युक्रेनमा रुसको युद्धलगायत वर्तमान भू-राजनीतिक चुनौतीहरूबारे छलफल गर्ने इयूको विज्ञप्तिमा उल्लेख छ।

ब्लकका अनुसार चिनियाँ प्रधानमन्त्री ली कियाङसँग उनीहरूले सम्बन्धको व्यापारिक र आर्थिक पक्षहरूलाई विस्तृतरूपमा समेट्ने छन्। 'यो शिखर सम्मेलन चीनसँग उच्चस्तरमा संलग्न हुने र हामी दुवैका लागि



महत्त्वपूर्ण मुद्दाहरूमा स्पष्ट, रचनात्मक छलफल गर्ने अवसर हो,' कोस्टाले भने, 'हामी संवाद, वास्तविक संलग्नता र ठोस प्रगति चाहन्छौं। हामी दुवै पक्षका लागि निष्पक्ष, सन्तुलित सम्बन्धको लक्ष्य राख्छौं।'

व्यापारिक तनावले बैठकको तयारीमा छाया पारेको छ। ब्लुमबर्ग न्युजले यस महिना चीनले मूलतः दुई दिने शिखर सम्मेलनको एक भाग रद्द गर्ने रिपोर्ट गरेको छ। दुवै पक्षले निष्पक्ष व्यापारको सिद्धान्तको उल्लंघनका रूपमा देखेका कुराहरूका लागि एकअर्काको आलोचना गरेका छन्। भोन डेर लेयनले यस महिना इयूले बेइजिङसँगको आफ्नो व्यापक व्यापार घाटालाई सम्बोधन गर्न खोजेको बताइन्। यो व्यापार घाटा गत वर्ष तीन खर्ब ५७ अर्ब डलर थियो।

उनले ब्रसेल्सले पनि चीनसँग युरोपेली कम्पनीहरूका लागि बजार पहुँच सजिलो बनाउन र रणनीतिकरूपमा महत्त्वपूर्ण दुर्लभ खनिज तत्वहरूमा निर्यात नियन्त्रणहरू खुकुलो बनाउन माग गर्ने बताइन्। आफ्नो तर्फबाट बेइजिङले इयूले आफ्नो मानसिकता परिवर्तन गर्नुपर्ने र 'मतभेद र घर्षणहरूलाई उचितरूपमा सम्हाल्नुपर्छ' भनेको छ।

## अनुदान, शुल्क, युक्रेन युद्ध

तनावलाई बढाउँदै इयूको डेटा गोपनीयता प्रहरीमा सहयोग गर्ने एक आइरिस नियामकले यस महिना उसले चीनमा सर्भरहरूमा युरोपेली प्रयोगकर्ताहरूको व्यक्तिगत डेटाको भण्डारण गरेको कथित आरोपमा टिकटकविरुद्ध अनुसन्धान सुरु गरेको बताएको छ। डेटा संरक्षण आयोगले पहिले नै टिकटकलाई मे महिनामा चीनमा व्यक्तिगत डेटा पठाएका कारण ५३ करोड युरो (६२ करोड डलर) जरिवाना गरिसकेको छ। टिकटकको मूल कम्पनी बाइटडान्स चिनियाँ कम्पनी हो।

टिकटकले जरिवानामा अपिल गर्ने योजना रहेको बताएको छ र बेइजिङले चिनियाँ फर्महरूलाई प्रयोगकर्ताहरूको व्यक्तिगत डेटा 'अवैध रूपमा' संकलन र भण्डारण गर्न आग्रह गरेको कुरा अस्वीकार गरेको छ। बेइजिङको औद्योगिक अनुदानले युरोपेली प्रतिस्पर्धीहरूलाई अनुचित रूपमा कम गरिरहेको भन्दै इयूले चीनबाट आयात हुने विद्युतीय सवारीसाधनहरूमा पनि भारी भन्सार शुल्क लगाएको छ। बेइजिङले त्यो दाबीलाई पनि अस्वीकार गरेको छ र आयातीत युरोपेली सुँगुरको मासु, ब्राण्डी र डेरी उत्पादनहरूमा व्यापकरूपमा प्रतिशोधात्मक जाँचका रूपमा हेरिएको घोषणा गरेको छ।

यसैबीच युक्रेनको युद्ध अर्को विवादको विषय भएको छ। इयूले चीनले रुसको आक्रमणलाई मौन समर्थन गरिरहेको धारणा बनाएको छ। इयूको उक्त आरोपलाई बेइजिङले अस्वीकार गरेको छ। गत हप्ता ब्रसेल्सले रुसको तेल राजस्व, बैंकिङ क्षेत्र र सैन्य क्षमताहरूलाई अवरुद्ध लक्ष्य राखेको नयाँ प्रतिबन्धको प्याकेज घोषणा गरेको थियो। यसमा केही चिनियाँ कम्पनी र वित्तीय संस्थानहरू पनि समावेश थिए।

बेइजिङको वाणिज्य मन्त्रालयले सोमबार यस कदमको कडा आलोचना गर्दै भन्यो, 'यसले चीन-इयू आर्थिक र व्यापारिक सम्बन्धहरूमा गम्भीर नकारात्मक प्रभाव पारेको छ।' *रासस/एएफपी*

# पाकिस्तानमा मनसुनी प्रकोपका कारण मृत्यु हुनेको संख्या २१६ पुग्यो

**इस्लामाबाद–** मनसुनी वर्षाले गर्दा जुन २६ देखि मृत्यु हुनेको संख्या २१६ पुगेको तथा ५८० जना घाइते भएको पाकिस्तानको प्रकोप व्यवस्थापन प्राधिकरणलाई उद्धृत गर्दै जियो टिभीले जनाएको छ।

पाकिस्तानमा सोमबारअघि २४ घण्टामा वर्षा र बाढीसम्बन्धी घटनाका कारण कम्तीमा १३ जनाको मृत्यु भएको बताइएको छ। निरन्तरको वर्षाका कारण बाढी र डुबान हुँदा धेरै मानवीय हताहत भएको हो। सबैभन्दा बढी मृत्यु बाढी र पहिरोका कारण घरहरू भत्किएर वा डुबानमा परेर भएको बताइएको



छ भने केहीको चटचाङ र अन्य मौसमी विपत्का कारण भएको हो।

पाकिस्तानको विपद् व्यवस्थापन निगरानी निकायले पछिल्लो २४ घण्टामा पञ्जाबमा १२ र खैबर पख्तुनख्वामा एक जनाको मृत्यु भएको जनाएको छ। पीडितमध्ये चार बालबालिका र तीन महिला थिए। मनसुनी बर्षा सुरु भएदेखि १०१ जना बालबालिकाको मृत्यु भएको बताइएको छ।

एनडिएमएले जारी गरेको विज्ञप्तिमा वर्षा सुरु भएदेखि लगभग ८०० घर ध्वस्त भएका छन्, भने लगभग २०० जनावरहरूको मृत्यु भएको छ। युएन न्युजको हालैको रिपोर्टअनुसार खैबर पख्तुनख्वा र गिलगिट बाल्टिस्तान क्षेत्रमा पनि हिमनदीको तालबाट बाढी आउने डर छ। सन् २०२२ मा मनसुनी बाढीले एक हजार ७०० भन्दा बढी मानिसहरूको ज्यान लिनुका साथै लाखौं व्यक्ति विस्थापित भएको र लगभग ४० अर्ब अमेरिकी डलरको आर्थिक क्षति भएको अनुमान गरिएको थियो। *रासस/एएनआई*


प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
## पूर्वाधार विकास कार्यालय
**कोशी प्रदेश**
**विराटनगर, मोरङ**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति २०८२/०४/०६ गते)**

यस कार्यालयबाट मिति २०८२/०२/१४ गते प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत दर्ता भएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरूको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्विकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि. नं. | विवरण | छनौट गरिएको बोलपत्रदाताहरू | अंक (मु.अ.क. समेत) |
|---|---|---|---|
| 1. | IDO/MOR/NCB/RW-257/081-82 Construction of Pathari Sanischare 3 Kirati Chowk Purba Gohi Holi Motorable Bridge | M/S Himtata-PCS J.V, Urlabari, Morang | 7,83,75,126.89 |
| 2. | IDO/MOR/NCB/RW-259/081-82 Construction of Madha Khola Motorable Bridge, Mirgauliya Chowk, Sundarharaichha-2 | M/S SCCPL/BNSPL/ANSPL JV, Biratnagar, Morang | 6,20,73,183.34 |
| 3. | IDO/MOR/NCB/RW-260/081-82 Construction of Katnu Khola Motorable Bridge along Damrabhitta Bazzar Purba Bhulkadubba Road, Janta Bandh, Ratuwamai, Morang | M/S Thani/Lekhraj/Budhathoki J/V, Battisputali, Kathmandu | 5,86,63,959.63 |
| 4. | IDO/MOR/NCB/RW-261/081-82 Construction of Lawa Khola Motorable Bridge along Aitabare Rabi Road, Miklajung, Morang | M/S Ishaan Construction, Bijuwar, Pyuthan | 5,31,23,003.69 |
| 5. | IDO/MOR/NCB/RW-262/081-82 Construction of Pathari Holi Motorable Bridge along Phungnam Chowk to Kirtipur Bazzar Road, Patharisanischare, Morang | M/S Geetanjali-Ranakalimata JV, Duhabi, Sunsari | 8,05,70,312.27 |
| 6. | IDO/MOR/NCB/RW-263/081-82 Construction of Kajala Khola Motorable Bridge along Bakka Tole Shanti Tole to border of Ward no 6 and 7, Ratuwamai, Morang | M/S Himtara Purbhadar Bikas Company Pvt.Ltd, Itahari, Sunsari | 6,40,48,366.59 |
| 7. | IDO/MOR/NCB/RW-264/081-82 Construction of Ramri Khola Culvert, Urlabari, Morang | D.S. Nirman Sewa, Dhusini, Kavre | 2,35,64,454.83 |

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९३७०० | प्रति तोला – ० | प्रति तोला – २२८५ |

## नेपाल र चीनबीच चार परियोजनाको समझदारीपत्रमा हस्ताक्षर



■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधानी एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल र चीनको अन्तर्राष्ट्रिय विकास सहायता नियोग (सिड्का) का अध्यक्ष चेन सियाओदोंग नेतृत्वको प्रतिनिधिमण्डलबीच भेटवार्ता भएको छ।

अर्थ मन्त्रालयमा सोमबार भएको भेटवार्तामा नेपाल र चीन बीचको द्विपक्षीय सम्बन्धलगायत विकास साझेदारी, चीनको सहयोगमा सञ्चालित र आगामी दिनमा सञ्चालन हुने परियोजनाहरूका बारेमा छलफल भएको अर्थमन्त्री पौडेलको सचिवालयले जनाएको छ।

द्विपक्षीय भेटवार्तासँगै विभिन्न चार वटा परियोजनाका लागि समझदारी पत्रमा हस्ताक्षर भएको छ। चितवनको भरतपुरस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा बोनम्यारो ट्रान्सप्लान्टशन निर्माणसम्बन्धी परियोजना र निजामती कर्मचारी अस्पतालको विस्तार गर्न सम्भाव्यता अध्ययन गर्नेसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको जनाइएको छ। जसमा नेपालको तर्फबाट अर्थ सचिव घनश्याम उपाध्याय र चीनको तर्फबाट सिड्का अध्यक्षले हस्ताक्षर गरे।

त्यस्तै दुई देशबीच मानव संशाधन विकाससम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ। यसबाट एक हजार दुई सयभन्दा बढी सरकारी कर्मचारीलाई चीनका विभिन्न संस्थाहरूले आयोजना गरेको द्विपक्षीय तथा बहुपक्षीय सेमिनारमा भाग लिने अवसर प्राप्त हुनेछ।

उक्त अवसरमा रसुवागढी-केरुङ अन्तरदेशीय विद्युत् प्रशारणलाइन निर्माणको सम्भाव्यता अध्ययनसम्बन्धी माइन्युटमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य र सिड्का अध्यक्षले हस्ताक्षर गरे। त्यस्तै रसुवा जिल्लामा केही समयअघि बाढीले पुऱ्याएको भौतिक संरचनाको पुनःनिर्माणमा चीनले सहयोग गर्ने भएको छ। अर्थमन्त्रीसँगको भेटवार्ताका क्रममा सिड्काका अध्यक्ष सियाओदोंगले भौतिक संरचनाहरूको पुनःनिर्माणलाई आवश्यक सहयोग गर्ने र भन्सार प्रक्रिया छिटो सञ्चालन हुने गरी काम गर्ने जानकारी दिए।

अर्थमन्त्री पौडेलले विपद् लगत्तैको पुनःनिर्माण नेपालको उच्च प्राथमिकतामा रहेको उल्लेख गर्दै भौतिक संरचनाहरूको पुनःनिर्माणप्रति देखाएको तत्परता, चासो र प्रतिबद्धताका लागि चिनियाँ पक्षलाई धन्यवाद दिए। 'आयात-निर्यातका लागि मात्र होइन, राजस्वका हिसाबले पनि रसुवा नाका महत्त्वपूर्ण छ', अर्थमन्त्री पौडेलको भनाइ थियो।

## 'प्रसारणलाइन अभावले उत्पादित विद्युत् खेर जाँदैन'

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले उत्पादित विद्युत् प्रसारण लाइनको अभावले खेर जाने अवस्था नरहने बताएका छन्।

पश्चिम सेती 'कोरिडोर'मा जलविद्युत् विकास र ४०० केभी प्रसारण लाइन निर्माणका लागि सोमबार मन्त्रालयमा सम्पन्न बहुपक्षीय समझदारीपत्रमा हस्ताक्षर कार्यक्रममा उनले प्रसारण लाइन अभावका कारण उत्पादित विद्युत् खेर जाने अवस्था अब नरहने बताए।

'ऊर्जा क्षेत्रमा महत्त्वपूर्ण आशा जगाएको यस समझदारीले प्रसारण संरचनाको अभाव पूर्ति गर्छ र उत्पादित विद्युत् खेर जाने समस्या अन्त्यतर्फ लैजान्छ, निजी क्षेत्रले पनि उत्पादन र बिक्री गर्न पाउने वातावरण बनाउन सरकार सकारात्मक छ, आन्तरिक खपतसँगै बढी विद्युत् बिक्रीका लागि निजी क्षेत्रलाई सहज वातावरण बनाउन काम भइरहेको छ,' उनले भने।



पश्चिम सेती कोरिडोरअन्तर्गतका जलविद्युत् आयोजना र प्रसारण पूर्वाधार निर्माणमा सहकार्य गर्ने उद्देश्यले हाइड्रो इलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड, राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड, चैनपुर सेती जलविद्युत् कम्पनी लिमिटेड, चिलिमे सेती हाइड्रोपावर कम्पनी लिमिटेड र समृद्धि इनर्जी लिमिटेडबीच समझदारी भएको हो।

समझदारीअनुसार बझाङ-निलेगडा-दोधारा ४०० केभी अन्तरदेशीय प्रसारण लाइन तथा सो लाइनमा जोडिने तीनवटा जलविद्युत् आयोजना–चैनपुर सेती (२१० मेगावाट), सेती नदी-३ (८७ मेगावाट) र बझाङ माथिल्लो सेती (२१६ मेगावाट)–को निर्माण, वित्तीय स्रोतको परिचालन र सञ्चालनमा बहुपक्षीय सहकार्य हुनेछ।

समझदारी कार्यक्रममा ऊर्जा सचिव सुरेश आचार्यले नेपालको ऊर्जा क्षेत्रमा निजी र सरकारी साझेदारी अपरिहार्य भइसकेको बताए। यस्तो सहकार्यले प्रणालीगत सुधार ल्याउने र राष्ट्रिय उत्पादन क्षमतालाई प्रभावकारी बनाउने उनको भनाइ थियो।

सचिव आचार्यले ऊर्जा व्यापार, प्रसारण पूर्वाधार र निजी लगानी प्रवाहलाई सन्तुलनमा ल्याउँदै आत्मनिर्भरता हासिल गर्न यो कदमलाई राष्ट्रको ऊर्जा सुरक्षातर्फको कोसेढुंगाका रूपमा लिनुपर्ने बताए।

सम्झदारीमा हस्ताक्षर भएका आयोजनामध्ये अधिकांशले निर्माण अनुमति, वातावरणीय प्रभाव मूल्यांकन, विद्युत् खरिद सम्झौता, ग्रिड जडान तथा लगानी स्वीकृतिका प्रमुख चरण पार गरिसकेका छन्। प्रसारण लाइनसम्बन्धी अध्ययन, डिजाइन तथा जग्गा अधिग्रहण कार्यहरू समेत सम्पन्न भइसकेका छन्।

## २१ अंकले घट्यो नेप्से

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक २१ दशमलव ७६ अंक अर्थात शून्य दशमलव ७५ प्रतिशतले बढेर दुई हजार आठ सय ९२ दशमलव ७२ बिन्दुमा कामय भएको छ। विभिन्न ३११ कम्पनीका तीन करोड ५६ लाख ४९ हजार २११ कित्ता सेयर एक लाख ३८ हजार ८२८ पटक खरिदबिक्री हुँदा रू १६ अर्ब ३२ करोड ७१ लाख १५ हजार दुई सय ३८ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा धेरै विकास बैंक समूह एक दशमलव ४२, लघुवित्त एक दशमलव ९३, निर्जीवन बिमा एक दशमलव २७ र अन्य समूह एक दशमलव ८४ प्रतिशतले बढेको छ। बैंकिङ शून्य दशमलव ४८, होटल तथा पर्यटन शून्य दशमलव ३०, जलविद्युत् शून्य दशमलव ४६, लगानी शून्य दशमलव ३७, जीवन बिमा शून्य दशमलव ०२ प्रतिशतले बढेको छ।

## लाभांश वितरणसम्बन्धी मार्गदर्शन जारी

■ प्रभाव संवाददाता

**काठमाडौं (प्रस)–** नेपाल राष्ट्र बैंकले 'भुक्तानीसम्बन्धी कार्य गर्न अनुमति प्राप्त संस्थाका लागि लाभांश वितरणसम्बन्धी मार्गदर्शन, २०८२' जारी गरेको छ।

लाभांश वितरणलाई पारदर्शी एवं व्यवस्थित बनाउने अभिप्रायका साथ उक्त मार्गदर्शन जारी गरिएको नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक किरण पण्डितले जानकारी दिए। आर्जन गरेको मुनाफाको बाँडफाड तथा लाभांश वितरणलाई थप पारदर्शी र व्यवस्थित गर्ने उद्देश्यका साथ केन्द्रीय बैंकले नयाँ व्यवस्था गरेको हो।

उक्त मार्गदर्शन कार्यान्वयनबाट संस्थाहरूले आर्जन गरेको मुनाफाको वितरण तथा पुनः लगानी थप प्रभावकारी भई सम्बन्धित संस्थाको जोखिम बहन गर्न सक्ने क्षमता र कार्यक्षमता वृद्धि हुँदै जाने र सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकासमा टेवा पुग्ने विश्वास लिइएको छ।

केन्द्रीय बैंकको मार्गदर्शनलाई आधार मानेर लाभांश वितरणसम्बन्धी नीति तर्जुमा गरी लागू गर्नुपर्नेछ। यस्तो नीति सञ्चालक समितिबाट पारित भएको हुनुपर्नेछ। नियामकीय पुँजी कायम गर्ने सम्बन्धमा संस्थाको योजना र प्राथमिकतासम्बन्धी विवरण, नगद लाभांश र सेयर लाभांशसम्बन्धी नीति, अनुमतिप्राप्त संस्थाले जोखिम बहन कोष र जगेडा कोषको व्यवस्था गर्नुपर्नेछ। त्यस्ता कोषमा मुनाफाको निश्चित प्रतिशत रकम छुट्याउनुपर्ने र अप्रत्यासित रूपमा आइपर्ने घटनाबाट हुने क्षतिको व्यवस्थापनका लागि उक्त कोषको रकम प्रयोग गर्न सकिनेछ। कोषबाट भएको खर्चको विवरण केन्द्रीय बैंकलाई जानकारी गराउनुपर्नेछ।

मार्गदर्शन अनुसार, भुक्तानी प्रणाली सञ्चालकले पूर्वाधार विकास कोषको व्यवस्था गरी मुनाफाको निश्चित प्रतिशत रकम कोषमा जम्मा गर्नुपर्नेछ। यस्तो कोषको रकम संस्थाको पूर्वाधार विस्तारमा खर्च गर्न सकिनेछ।

लाभांश घोषणा गर्दा सञ्चित मुनाफा ऋणात्मक नरहेको, संस्था मुनाफामा भएको बर्षको वित्तीय विवरणका आधारमा मात्र लाभांश घोषणा गर्नुपर्नेछ। नगद लाभांश घोषणा गर्दा पर्याप्त नगद मौज्दात रहेको, कर्जासँग स्बन्धित शर्तहरूले लाभांश वितरणमा बन्देज नगरेको अवस्था हुनुपर्ने जनाइएको छ।

## बुटवलमा एउटै छानामुनी विशेषज्ञ स्वास्थ्य सेवा



■ प्रभाव संवाददाता

**बुटवल (रूपन्देही)–** बुटवल-६ स्थित मैत्रीपथमा 'नागरिक मल्टीस्पेसिलिटी हेल्थ सेण्टर' सञ्चालनमा आएको छ। बुटवललगायत पश्चिम नेपालका विभिन्न जिल्लाका बिरामीहरूलाई एकै ठाउँमा सहज र गुणस्तरीय विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले हेल्थ सेण्टर सञ्चालनमा ल्याइएको हेल्थ सेण्टरका अध्यक्ष मेघदेव पन्तले जानकारी दिए।

बिरामीको उत्कृष्ट उपचारका साथै बिरामीहरूलाई विश्वासिलो ल्याब र सहुलियत मूल्यमा औषधिको व्यवस्था गरिने उनले बताए। एकै ठाउँमा सबै रोगको विशेषज्ञ सेवा सञ्चालनमा आएसँगै यस भेगका बिरामीहरूलाई उपचारका लागि अन्यत्र जानुपर्ने र महँगो खर्च गर्नुपर्ने बाध्यता हट्ने विश्वास गरिएको छ।

सातजना युवा चिकित्सकरूको करिब एक करोड रूपैयाँको लगानीमा सञ्चालनमा आएको नागरिक हेल्थ सेण्टरमा विभिन्न रोगका एक दर्जनभन्दा बढी विशेषज्ञ डाक्टरले सेवा प्रदान गर्ने जानकारी दिइएको छ। सेण्टरमा वरिष्ठ फिजिसियन तथा रक्तरोग विशेषज्ञ डा. विक्रम कार्की, वरिष्ठ बालरोग विशेषज्ञ डा. सन्तोष पोखरेल, वरिष्ठ फिजिसियन तथा मिर्गौला रोग विशेषज्ञ डा. जगदिश पाण्डे, वरिष्ठ प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. शर्मिला शर्मा, सुगर, प्रेसर, थाइराइड, पेट, छाती, दम तथा मुटुरोग विशेषज्ञ डा. आयुष्मा गौतम, वरिष्ठ मधुमेह, थाइराइड तथा हर्मोनरोग विशेषज्ञ डा. सुमन सिम्खडा, वरिष्ठ क्यान्सर रोग विशेषज्ञ डा. लोकेन्द्र कुँवरले सेवा प्रदान गर्ने छन्।

यस्तै, ल्याप्रोस्कोपिक शल्यचिकित्सक डा. नवीन श्रेष्ठ, हाडजोर्नी नशा तथा बाथरोग विशेषज्ञ डा. सम्राट पराजुली, सुगर, प्रेसर, थाइराइड, पेट, छाती, दम तथा मुटुरोग विशेषज्ञ डा. कपिल गौतम, बालरोग विशेषज्ञ डा. जगदिश कुँवर, नाक, कान, घाँटीरोग विशेषज्ञ डा. देवेन्द्रराज बेलबासेलगायतले बिरामीहरूलाई सेवा प्रदान गर्ने छन्। शुभारम्भका अवसरमा सोमबार रक्तदान कार्यक्रमसमेत आयोजना गरिएको थियो। उक्त रक्तदानमा ३० युनिट रगत संकलन गरी रक्तसञ्चार केन्द्र बुटवललाई हस्तान्तरण गरिएको डा. सम्राट पराजुलीले जानकारी दिए।

## बिवाइडीका एक करोड ३० लाख सवारी उत्पादन

**काठमाडौं (प्रस)–** न्यु इनर्जी भेहीकल्स (एनइभिज) क्षेत्रमा विश्वकै अग्रणी सवारी निर्माता कम्पनी बिवाइडीले एक करोड ३० लाखौं युनिट सवारी साधन उत्पादन गरेर एक महत्त्वपूर्ण कोशेढुंगा (माइलस्टोन) हासिल गरेको छ। चीनको सेन्झेन-शानवेई स्पेसल कोअपरेसन जोनमा रहेको जियाओमो प्रोडक्सन बेसमा माइलस्टोन मोडलको रूपमा याङवाङ यु७ लाई कम्पनीले एक करोड ३० लाखौं सवारीको रूपमा सार्वजनिक गरेर सो उत्सव मनाएको हो।



सन् २०२५ को पहिलो अर्धवार्षिक अवधिमा बिवाइडीको बिक्री लगातार रूपमा बढिरहेको छ। गत जनवरी देखि जुन सम्मको अवधिमा बिवाइडीको घरेलु बिक्रीमा गत वर्षको यही अवधिको तुलनामा ३१.५ प्रतिशत वृद्धि भई २१ लाख १३ हजार युनिट पुगेको छ। त्यसैगरी यही अवधिमा अन्तर्राष्ट्रिय बिक्री १२८.५ प्रतिशत वृद्धि भई ४ लाख ७२ हजार युनिट पुगेको कम्पनीले जनाएको छ।

यही उत्कृष्ट बजार प्रदर्शनका कारण ग्लोबल न्यु इनर्जी भेहीकल बिक्रीमा बिवाइडी पहिलो स्थानमा रहन सफल भएको छ र एक करोड ३० लाख न्यु इनर्जी भेहीकल सार्वजनिक गर्ने विश्वकै पहिलो सवारी निर्माता कम्पनी समेत बनेर यो उद्योगमै एक महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ।

प्रोडक्सन लाइनमा एक करोड ३० लाखौं सवारीको रूपमा न्यु इनर्जी भेहीकल सार्वजनिक गरेको छ र यसले बिवाइडीले घरेलु र अन्तर्राष्ट्रिय दुवै बजार र प्रयोगकर्ताहरूको आशा र विश्वासलाई प्रतिविम्बित गरेको छ। याङवाङ १० हजार युनिट बिक्री पार गर्ने चीनको पहिलो अल्ट्रा-लक्जरी अटोमोटिभ ब्रान्डको रूपमा परिचित छ र उच्च-गुणस्तरीय उपभोक्ता बजारमा यसले प्राविधिक निपुणता र ब्रान्ड भ्याल्युका लागि छुट्टै पहिचान कायम गरेको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ